मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

**अपांगता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नुपर्छः उपसभामुख**



समाचार पृष्ठ ५ मा

● वर्ष ३ ● अंक ३३ ● २०८१ साल मंसिर २७ गते बिहीबार ● Thursday 12, December 2024 ● सूर्योदयः बिहान ६:४४ बजे ● सूर्यास्तः साँझ ५:१३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## बयान सकिएपछि लामिछानेलाई लगियो पोखरा



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवम् पूर्व गृहमन्त्री रवि लामिछानेलाई फेरि पोखरा पु¥याएको छ । पर्सामा बयान सकिएपछि लामिछानेलाई बुधबार काठमाडौं विमानस्थल हुँदै पोखरा पु¥याएको प्रहरीले जनाएको छ ।

पर्साको वीरगंजस्थित सानो पाइला सहकारी ठगी प्रकरणमा बयान लिइसकेपछि पूर्वगृहमन्त्री रवि लामिछानेलाई पोखरा पठाइएको हो । सोमबार वीरगंज ल्याइएका लामिछानेसँग पर्सा प्रहरीले मंगलवार, जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख भोलानाथ निरौलाको उपस्थितिमा बयान लिएको थियो । लामिछानेविरुद्ध पाँच वटा सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान चलिरहेको छ । यसै सन्दर्भमा, पूर्व डिआइजी छविलाल बन्जाडे जोशीलाई पनि मङ्गलवार पोखरा फर्काइएको छ । उनको बयान सोमबार लिइएको थियो । बन्जाडे, जो लामिछानेलाई व्यावसायिक साझेदार पनि हुन्, आइतबार बेलुका पोखराबाट वीरगंज ल्याइएका थिए । सहकारी ठगीको आरोपमा कात्तिक २ गते पक्राउ गरेर पोखरा पु¥याइएका लामिछानेसँग प्रहरीले कास्की, रुपन्देही, चितवन, काठमाडौं र पर्सामा बयान लिइसकेको छ । लामिछानेमाथि सहकारी ठगीसहित सङ्गठित अपराध एवम् सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित मुद्दामा पनि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार कास्कीमा अनुसन्धान अन्तिम चरणमा पुऱ्याएर प्रतिवेदन तयार गर्ने काम भइरहेको छ ।

सङ्गठित अपराधको अनुसन्धानका लागि ९० दिनसम्म हिरासतमा राख्न पाइने कानूनी व्यवस्था छ । लामिछानेकै आरोपसँग जोडिएका पूर्वडीआईजी छविलाल जोशी पक्राउ परेको ९० दिन पुग्ने भएकोले पुस ६ गतेभित्र कास्की अदालतमा मुद्दा दर्ता गरिसक्नुपर्छ । प्रहरीले प्रतिवेदन बुझाएपछि जिल्ला सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा मुद्दा अघि बढाउँछ ।

लामिछाने संलग्न रहेको गोरखा मिडिया नेटवर्क प्रालिमा सहकारीहरूबाट रकम लगेर अपचलन गरेको र त्यसमा लामिछाने पनि संलग्न भएको आरोप लागेको छ । संसदीय छानबिन समितिको प्रतिवेदनले लामिछाने जिम्मेवार कार्यकारी भूमिकामा रहेको समयमा टेलिभिजनको काममा सहकारीबाट लगेको रकम परिचालन भएको देखिएको भन्दै कारबाहीको सिफारिश गरेपछि प्रहरीले अनुसन्धान अघि बढाएको हो ।

## श्री रामलाला मन्दिरको रंगमण्डप तयार







**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
श्रीरामजन्मभूमि मन्दिरको निर्माण कार्यका पाँच मण्डपमध्ये रंगमण्डपको चुचुरो पूर्णरुपमा सम्पन्न भएको छ । त्यसको एक महिनापछि दिसेम्बर ११ प्राण प्रतिष्ठाको वार्षिकोत्सव 'प्रतिष्ठा द्वादशी' विधिवत रुपमा मनाइने बताइएको छ । यसको पूर्ण रूपरेखा तयार गर्न श्री रामजन्मभूमि तीर्थ क्षेत्रका तर्फबाट चार सदस्यीय समिति गठन गरिएको छ । पर्खालसँगै बनेका सप्तर्षि मन्दिर, शिव, सूर्य, माता दुर्गा, देवी अन्नपूर्ण गणेश, हनुमानजीलगायतका मन्दिरको निर्माण पनि बढेको उल्लेख छ । हालै निर्माण समितिका अध्यक्ष नृपेन्द्र मिश्रको समिक्षा बैठकपछि कामदारको संख्या बढेको ओमकार सिंहले श्री रामजन्मभूमि तीर्थ क्षेत्र संवाद केन्द्र अयोध्याबाट जानकारी दिए ।

## महासंघ पर्साको अध्यक्षमा तिवारी र खनाल आमुनेसामुने





**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासंघ पर्सा शाखामा पनि उम्मेदवार मनोनयन दर्ता भएको छ । बुधबार भएको उम्मेदवारी दर्तामा प्रेस चौतारी र प्रेस युनियनको आधिकारिक अध्यक्ष पदको उम्मेदवारमा चौतारीका अनुप तिवारीले उम्मेदवारी दिएका छन् भने प्रेस सेन्टर, समाजवादी प्रेस संगठनलगायत गठबन्धनको समर्थनमा युनियनका ओम प्रकाश खनालले अध्यक्षमा बागी उम्मेदवारी दिएका छन् । खुल्ला उपाध्यक्षमा तीन जनाले उम्मेदवारी दिएका छन् । युनियन र चौतारीको आधिकारिक उम्मेदवारमा चौतारीका भुषण यादवले उम्मेदवारी दिएका छन् भने प्रेस सेन्टरलगायतको गठबन्धनबाट युनियनका बागी उम्मेदवार अलि असगर देवानले खुल्ला उपाध्यक्षमा उम्मेदवारी दिएका छन् । जगत राईलेपनि खुल्ला उपाध्यक्षमा उम्मेदवारी दिएका छन् । उपाध्यक्ष महिलामा २ जनाको उम्मेदवारी दर्ता भएको छ । युनियन र चौतारीको तर्फबाट आधिकारिक उम्मेदवारमा युनियनकी निलिमा पौडेलले उपाध्यक्ष महिलामा उम्मेदवारी दिएकी छन् । चौतारीकी कविता खड्काले उपाध्यक्ष महिलामा बागी उम्मेदवारी दिएकी छन् । प्रेस सेन्टरलगायतको गठबन्धनले आफ्नो उम्मेदवार उठाएको छैन् । महासंघको पर्सा शाखाका लागि सचिवमा चार जनाको उम्मेदवारी परेको छ । युनियन र चौतारीको तर्फबाट युनियनका बिजय चौहानले उम्मेदवारी दिएका छन् भने प्रेस संगठन लगायतको गठबन्धनको आधिकारीक उम्मेदवारको रुपमा समाजवादी प्रेस संगठनका मनोज पटेलले सचिवमा उम्मेदवारी दर्ता गराएका छन् । शेखर बहादुर बहादुर क्षेत्री र सफल खतिवडाले पनि सचिव पदमा उम्मेदवारी दिएका छन् । खुला सहसचिवमा तीन जनाको उम्मेदवारी परेको छ । प्रेस संगठनलगायतको गठबन्धनबाट समाजवादी प्रेस संगठनका शम्भु कुमार लगायतले उम्मेदवारी दिएका छन् । समावेशी सहसचिवमा तीन जना, कोषाध्यक्षमा चार जना, महिला सदस्यमा तीन जना, दलित सदस्यमा १ जना, आदिवासी जनजाति सदस्यमा ३ जना, मधेशी सदस्यमा ३ जना, अन्य समावेशीमा ४ जना , खुल्ला सदस्यमा २४ जना, प्रदेश परिषद सदस्यमा ७ जना र राष्ट्रिय परिषद सदस्यमा ८ जना गरी कुल ७४ जनाको उम्मेदवारी मनोनयन दर्ता भएको छ ।

सदस्यता विवादका कारण तीन पटक मिति सरेपछि आगामी २८ गते निर्वाचन हुन लागेको हो । त्यसकै लागि उम्मेदवारी मनोनयन दर्ता आज भएको हो । पत्रकार महासंघको निर्वाचनमा यसपटक प्रेस चौतारी नेपाल र नेपाल प्रेस युनियनको गठबन्धन निर्वाचनमा होमिएको छ । अर्कोतर्फ प्रेस सेन्टर नेपाल, समाजवादी प्रेस संगठन, प्रेस मञ्च, जनपत्रकार संगठन, क्रान्तिकारी पत्रकार संघ लगायतका ६ वटा बाम प्रगतिशील गठबन्धन मैदानमा उत्रिएका छन् ।

## माओवादी सांसदलाई कांग्रेस सांसद बस्नेतको धम्की





**मधेशदृष्टि**
**काठमाडौं ।**
कांग्रेस सांसद तथा पूर्वमन्त्री मोहन बस्नेतले माओवादी केन्द्रका सांसद माधव सापकोटालाई लक्षित गर्दै धम्की दिएका छन् । जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिकामा आयोजित सार्वजनिक सभामा २२ मंसिर, शनिबार बोल्दै सिन्धुपाल्चोक–२ का सांसद बस्नेतले क्षेत्र नम्बर १ का सांसद सापकोटालाई चुनौती दिँदै अपशब्द र धम्की प्रयोग गरेका हुन् । सापकोटाले जितेको क्षेत्रमा पर्ने त्रिपुरासुन्दरीमा अर्को क्षेत्रका सांसद बस्नेतले बोलेको भाषणको भिडियो यति बेला सामाजिक सन्जालमा व्याप्त भइरहेको छ ।

'केन्द्रमा जसको सरकार होस्, सिन्धुपाल्चोकमा मोहन बस्नेतको सरकार चल्छ, म पन्चायतदेखि सबैसँग लडेर आएको मान्छे हुँ, म विकास रोजगारी दिने मान्छे हुँ,' उनले सभामा भनेका छन्, 'आइन्दा कांग्रेससँग विकास चाहिए माग, बच्चाले खान पाएनन् भने माग, म दिन्छु । तर चुरीफुरी गरेर रुख ढाल्ने काम भयो भने सुबोध सापकोटा (माधव), अग्नि सापकोटा लगायत लिखुरेहरुलाई गर्धन मुनि, रुख माथि पारिदिन्छु ।'

उनले अरु अतिरन्जित गर्दै भने, 'करङ चिलाएकाले, डँडेलो सक्सक्याएकाले यस्तो काम (अवरोध) गर्छन् । सुबोध (माधव) ले यहाँबाट जितेको छ, यो बाटो पिच गराइदे भन्नु, नत्र के छ आम्दानीको स्रोत ? यति ठूला कुरा गर्ने ? तीन बिसौलीका (अपशब्द) उफ्रिँदा उफ्रिँदा यी २५ इन्चका तिघ्रा के गरेर बस्छन् ? गफ दिने ?' त्यसपछि पनि उनले थुप्रैपटक अपशब्द बोलेको सुनिन्छ ।

माओवादी सांसद सापकोटाले बस्नेतको अभिव्यक्तिप्रति दुःख प्रकट गरे । आफूलक्षित व्यक्तिगत गाली पहिले पनि हुने गरेको भन्दै सापकोटाले भने, 'नयाँ पुस्ता राजनीतिप्रति वितृष्णा जनाइरहेका बेला हामीले आशा जगाउनुपर्ने, तर उहाँ (बस्नेत) ले त निराश पो बनाउनुभयो । यो राम्रो भएन ।' हामीले बस्नेतलाई फोन गर्दै किन अपशब्द र गालीगलौजमा उत्रेको भनी जान्न चाह्यौं । उनले आफ्ना भनाईहरूको प्रतिरक्षा गर्दै फेरि पनि त्यस्ता शब्दहरू भन्ने बताए । 'माथिबाट ढुंगा हान्दै कालो झन्डा देखाउने, डाका र चोर भन्ने गर्न थालेपछि हामी चाहिँ रुद्राक्षको माला जपेर बस्ने ? हामीले गरेको विकास निर्माणमा उद्घाटन क्रममा अवरोध गरेपछि मैले बोलेको हुँ, अझै पनि बोल्छु,' बस्नेतले भने । विपक्षीको प्रतिवाद सभ्य र लोकतान्त्रिक तरिकाले पनि गर्न सकिन्थ्यो, किन नगर्नुभएको भन्ने प्रश्नमा उनले जिकिर गरे, 'मैले सर्वसाधारणलाई भनेको होइन, विद्वानलाई पनि भनेको होइन । जस्तालाई तस्तै गरेको हो । माधव सापकोटाजीको चुरिफुरी अलिक धेरै भयो । हामीमाथि जुन आक्रमणको कोसिस भयो, त्यो उहाँकै निर्देशनमा भएको हो ।' प्रतिस्पर्धात्मक भावना हुनु स्वभाविक भए पनि प्रतिनिधिसभामा चुनिएर आएको जनप्रतिनिधिले बोलेको भाषा र धम्की पाच्य नभएको भन्दै आम प्रतिक्रियाहरू व्याप्त छन् ।

# रोजगारीक प्रमुख स्रोत निजी क्षेत्र छियैः मन्त्री भण्डारी



**काठमाण्डू ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत् सिंह भण्डारी रोजगारीके प्रमुख स्रोत निजी क्षेत्र भेल बतौलैन अइछ ।
आइ ‘सीप विकाशक लेल हमर प्रतिबद्धता, समृद्ध राष्ट्रके सुनिश्चिता’ नारासहित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैँसेपाटी काठमाण्डूमे आयोजन कएल गेल रोजगार प्रवर्द्धन करबाक अभिप्राय सरोकार भेल निकाय तथा रोजगारदातासङ्के अन्तरक्रिया कार्यक्रमकेँ सम्बोधन करैत मन्त्री भण्डारी उक्त बात बतौलैन अइछ ।
मन्त्री भण्डारी कहलैन, “सरकार रोजगारी नै, सुविधा दै छै । रोजगारदाता मतलब संसारभैर निजी क्षेत्र होबाक भेलासँ रोजगारीक प्रमुख स्रोत सेहो निजी क्षेत्र छी ।” सएह कार्यक्रममे बाजैत मन्त्रालयअन्तर्गत आन्तरिक रोजगार महाशाखाक स्थापना करए लागल ओ जानकारी देलैन ।
वैदेशिक रोजगारीक लेल महाशाखा, बोर्ड आ विभाग छै मुदा आन्तरिक रोजगारीक लेल किछ व्यवस्थान करबाक लेल आन्तरिक रोजगार महाशाखाक स्थापना कएल जा लागल मन्त्री भण्डारीक कहब अइछ । ‘मन्त्रालयअन्तर्गत आन्तरिक रोजगार महाशाखाक स्थापना देशभितरके रोजगारीक सम्भावनासभकेँ प्रवर्द्धन करब, तकरा आगू बढेबाक काज करत’, ओ कहलैन । रासस

# प्रधानमन्त्री ओलीद्वारा अपने पढ़ल विद्यालयके भवन उद्घाटन



**पाँचथर ।**
प्रधानमन्त्री केपी शर्मा ओली प्रारम्भिक शिक्षा अध्ययन कएल प्रणामी माध्यमिक विद्यालयक नवनिर्मित भवनके आइ उद्घाटन केलैन अइछ ।
तेह्रथुमके आठराई गाउँपालिका–४ इवामे रहल ओइ विद्यालयमे निर्माण भेल १८ कोठाके भवन आइ प्रधानमन्त्री ओली रिबन काइट क उद्घाटन केलैन । एहि क्रममे ओ विद्यालयक विद्यार्थी, शिक्षक, स्थानीय लगायत उपस्थित व्यक्तिसभसँ अन्तरक्रियासेहो केलैथ। प्रधानमन्त्री ओली एहि विद्यालयमे कक्षा ३ धैर अध्ययन केने विद्यालयक प्रधानाध्यापक अमृतबहादुर बुढाथोकी जानकारी देलैन । दक्षिण कोरियाक युम होङ गिल ह्युमन फाउण्डेशनके सहयोगमे निर्मित ओ भवनक हाले निर्माण सम्पन्न भेल अइछ । भवन निर्माणमे फाउण्डेशन चाइर करोड़ ४९ लाख ६० हजार, कोशी प्रदेश सरकार २१ लाख ४० हजार आ आठराई गाउँपालिका ६९ लाख टका लगानी केलक अइछ । विद्यालय व्यवस्थापन समितिक अध्यक्ष भीम घिमिरेके अनुसार पुरान भवनमे पठनपाठनमे समस्या भेलाक बाद प्रधानमन्त्री ओलीकेँ विद्यालय लेल बजेटके पहल करबाक आग्रह कएल गेल छल । प्रधानमन्त्री ओलीके आग्रहमे युम होङ गिल ह्युमन फाउण्डेशन दक्षिण कोरिया मुख्य लगानी केलाक बाद भवन निर्माण भेल घिमिरे बतौलैन । कार्यक्रममे नेपालक लेल दक्षिण कोरियाली राजदूत पार्क ते योङ, युम होङ गिल ह्युमन फाउण्डेशनके पार्क यु सुन लगायत उपस्थित छलैथ । रासस

# विपन्न विद्यार्थीकेँ पढ़ेबाक लेल सामाजिक, वित्तीय सङ्घसंस्थाक सहयोग

**महोत्तरी ।**
बर्दिबासस्थित पद्मशम्शेर स्मृति प्रतिष्ठान आ बर्दिबास हेल्प फाउन्डेशन तथा स्थानीय तहमे क्रियाशील विभिन्न वित्तीय संस्था सञ्चालनद्वारा कएल गेल शैक्षिक सहयोगक कार्यक्रमसँ नगर क्षेत्रके विपन्न वर्गक ६६ विद्यार्थीके अध्ययनकेँ अवसर भेटल अइछ ।
प्रतिष्ठानक सहयोगमे ३३ गोटे चाइर सालक आ २४ गोटे तीनसालक प्राविधिक डिप्लोमा एवं नओ गोटे शिक्षा तथा वाणिज्य सङ्कायअन्तर्गत स्नातक तहमे अध्ययनरत छैथ । अपन मातापिताक स्मृतिमे २०७७ सालमे स्थानीय विष्णु खड्का प्रतिष्ठान स्थापना क सएह वर्षसँ विपन्न परिवारक छात्रछात्राकेँ छात्रवृत्तिके व्यवस्था केलैन ।
तहिना बर्दिबास–२ स्थित जनता माध्यमिक विद्यालयसँ २०४९ सालमे प्रवेशिका परीक्षामे सहभागी भेल पूर्वविद्यार्थी बर्दिबास हेल्प फाउन्डेसन स्थापना क सएह वर्षसँ सड़क मानव आ आश्रयविहीनकेँ नास्ता आ भोजनके व्यवस्था करबाक सङे २०७८ सालसँ नगर क्षेत्रक विपन्न परिवारके बच्चाकेँ छात्रवृत्ति उपलब्ध कराबैत आएल अइछ । हालधैर ओइ संस्थासँ ३० गोटेकेँ छात्रवृति भेटल अइछ ।
तहिना सानिमा बैंक सेहो दू गोटेकेँ स्नातक तहमे पूर्ण छात्रवृत्ति प्रदान केलक अइछ । हालधैर ओइ बैंकसँ छ गोटे लाभान्वित भेल छैथ । रासस

# वैदेशिक रोजगारमे विदेश पठाएब कहि क कहैबला ठगीक आरोपमे पकड़ाएल

**काठमाण्डू ।**
वैदेशिक रोजगारमे आकर्षक तलबके प्रलोभनमे विभिन्न देश पठा देब कहैत टका ठगी कएल अभियोगमे प्रहरी तीन गोटेकेँ आइ सार्वजनिक केलक अइछ ।
पकड़ाएलमे कास्कीक पोखरा महानगरपालिका–२५ घर भ काठमाण्डूक टोखा नगरपालिका–६ निवासी ३० वर्षीय मधु तिमल्सिना अधिकारी, रुपन्देही देवदह नगरपालिका–१२ घर भ काठमाण्डू महानगरपालिका–२८ निवासी ३२ वर्षीय गीता कुँवर तथा काठमाण्डू बागबजारस्थित ग्लोबल एक्सेल अपस्किल एन्ड स्टडी इन्फो सेन्टरके सञ्चालिका सिराहाके सिरहा नगरपालिका–७ घर भ काठमाण्डू–२२ निवासी ३० वर्षीय दिव्या यादव रहल काठमाण्डू उपत्यका अपराध अनुसन्धान कार्यालयक सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्य जानकारी देलैन ।
ओ कहलैन,‘पकड़ाएलमध्ये मधु रोमानिया पठा देब कहैत तीनगोटे पीडितसभसँ सात लाख, गीता युके पठा देब कहैत आठटा पीडितसँ १६ लाख पाँच हजार तथा दिव्या स्लोभाकिया पठा देब कहैत एक व्यक्तिसँ पाँच लाख १५ हजार टका ल सम्पर्कविहीन भेल कहैत पीडितसभके उजुरीक आधारमे पकड़ाउ कएल गेल अइछ ।’
प्रहरी मधुकेँ काठमाण्डूके टोखा–६ सँ आ गीताकेँ काठमाण्डू–२८ सँ तथा दिव्याकेँ काठमाण्डू न्यूरोडसँ पकड़ाउ कएल गेल काठमाण्डू उपत्यका अपराध अनुसन्धान कार्यालय जनौलक अइछ । पकड़ाएलमध्ये मधु आ गीताकेँ आवश्यक अनुसन्धान तथा कारबाहीक लेल वैदेशिक रोजगार विभाग ताहाचल काठमाण्डू आ दिव्याकेँ जिला प्रहरी परिसर काठमाण्डू भद्रकाली पठाएल गेल सूचना अधिकारी आचार्य बतौलैन । रासस

# सुदूरपश्चिम रोयल्सद्वारा जनकपुर पराजित



**काठमाण्डू ।**
नेपाल प्रिमियर लिग (एनपिएल) मे सुदूरपश्चिम रोयल्स जनकपुर बोल्ट्सकेँ पराजित करैत विजयी भेल अइछ । प्रतियोगितामे जकपुरक ई पहिल हार छी ।
कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमे आइ भेल खेलमे सुदूरपश्चिमक स्पिनर उत्कृष्ट प्रदर्शन केलाक बाद जनकपुर बोल्ट्सकेँ ७२ रन स पराजित करैत सुदूरपश्चिम विजयी भेल अइछ । सुदूरपश्चिमद्वारा जीतके लेल फेल गेल एक सओ २४ रनके लक्ष्यक जवाफमे जनकपुर १२ दशमलव एक ओभरमे सब विकेटक क्षतिमे ५१ रनमे सिमित भेल ।
पाँच खेल खेलाएल जनकपुर आ सुदूरपश्चिमक अङ्क तालिकामे समान आठ÷आठ अङ्क प्राप्त केने अइछ । जनकपुरक लेल जोसुअ ट्रोम्प सर्वाधिक १३ रन बाहेक अन्य खेलाडी दोहरा रन सेहो नै बना सकल । जनकपुरकेँ ५२ रनमे अलआउट करबाक लेल सुदूरपश्चिमक लेल हर्मित सिंह, दीपेन्द्रसिंह ऐरी आ इशान पाण्डे समान दू÷दू विकेट लेलैन । तहिना सैफ जैब, स्कट कुगुलेइन आ नरेन साउद समान एक÷एक विकेट लेलैन ।
अइसँ पहिने कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमे आइ भेल खेलमे टस हाइर क पहिने ब्याटिङ कएल सुदूरपश्चिम निर्धारित २० ओभरमे नओ विकेटक क्षतिमे एक सओ २३ रन बनौने छल । सुदूरपश्चिमक लेल ओपनर विनोद भण्डारी ३७ बलमे तीन चौका आ एक छक्काक मद्दतमे सर्वाधिक ३३ रन बनेलैन । सैब जैब २१, इशान पाण्डे १७, ब्रान्डन म्याकमुलेन ११ रन बनेलैन । ताहि बाहेक अन्य खेलाडी खासे रन नै बना सकलैथ । जनकपुरक लेल किशोर महतो चाइर विकेट लेलैन । तहिना शेर मल्ल आ अरनिको यादव समान दू÷दू विकेट तथा हर्ष ठाकर एक विकेट लेलैन । रासस

# अंग प्रत्यारोपणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन शैनदिनसँ

**काठमाण्डू ।**
नेपाल अङ्ग प्रत्यारोपण समाजक आयोजनमे आगामी शैनदिनसँ एत अङ्ग प्रत्यारोपणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन आयोज होब जा रहल अइछ ।
समाजक अध्यक्ष डा पुकारचन्द्र श्रेष्ठक अनुसार सम्मेलनमे भारत, जापान, नेदरल्याण्ड्स, बेलायतका १९ गोटे विशेषज्ञ चिकित्सक सहभागी हएत । सङे सम्मेलनमे अङ्ग प्रत्यारोपणसम्बन्धी २६ टा कार्यपत्र प्रस्तुत कएल जाएत ।
ओ मस्तिष्क मृत्युक बाद कलेजा आ किडिनी दान करबाक मिलत कहैत सर्वसाधारणकेँ अङ्गदानके लेल प्रेरित करब सम्मेलनक उद्देश्य भेल जानकारी देलैन । किडिनी, हृदय, फेफड़ा, कलेजा, आन्द्रा, आँइख आ प्यानक्रियाज मस्तिष्क मृत्युक बाद सेहो दान कएल जा सकैत अइछ । रासस

# बझाङके रायाल केन्द्रविन्दु भ भूकम्प आएल

**काठमाण्डू ।**
बझाङके रायालकेँ केन्द्रविन्दु बना क भूकम्प भेल अइछ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरके अनुसार आइ भोर ११. बजे २ मिनेटमे बझाङके रायाल आसपास केन्द्रविन्दु बना तीन दशमलव नौ रेक्टरस्केलके भूकम्प गेल अइछ ।
अइसँ पहिने बितल अगहन ६ गते भोर कास्की आ मनाङके सीमानामे अन्नपूर्ण क्षेत्रकेँ केन्द्रविन्दु बना चाइर दशमवल दू रेक्टरस्केलके भूकम्प गेल छल । वितल समय नेपालमे भूकम्प होबाक क्रम जारी रहल केन्द्र जनौलक अइछ । हिमालय क्षेत्र भेलाक कारणेँ नेपालके भूकम्पक जोखिमपूर्ण क्षेत्रके रूपमे लेल जाइत अइछ । रासस



# खाद्य कम्पनीद्वारा सिरहामा धान खरिद शुरु

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहास्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय लहानले आजदेखि धान खरिद प्रक्रिया शुरु गरेको छ । कम्पनीले सिरहा, सप्तरी र उदयपुरका किसानद्वारा उत्पादित धान बर्सेनि खरिद गर्दै आएको हो । यस वर्ष २५ हजार क्विन्टल सोना मन्सुली र १० हजार क्विन्टल जिरा मसिनो (कतर्नी) धान खरिद गरिने कार्यालय प्रमुख दीपक सुनारले जानकारी दिए । उनका अनुसार यस वर्ष सरकारले सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार पाँच सय ८० रुपैयाँ ६२ पैसा र जिरा मसिनो (कतर्नी) धान प्रतिक्विन्टल चार हजार दुई सय रुपैयाँ तोकेको छ । जिल्ला प्राथमिक धान खरिद समितिको बैठकबाट निर्णय भएअनुसार समर्थन मूल्यमा धान खरिद गरिने प्रमुख सुनारले बताए । 'सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालको अध्यक्षतामा धान खरिद समितिको बैठकबाट निर्णय गरी आजदेखि खरिद प्रक्रिया शुरु गरिएको छ । खाद्य कम्पनीले तोकिएको मापदण्ड पूरा गरेर ल्याइएका धानको चेकमार्फत किसानलाई भुक्तानी गर्ने व्यवस्था मिलाएका छौँ', उनले भने ।

प्रमुख सुनारका अनुसार प्रतिकिसान अधिकतम एक सय क्विन्टल धान कम्पनीले खरिद गर्नेछ । सार्वजनिक बिदाको दिनबाहेक कार्यालय समयमा किसानको धान खरिद गरिने खाद्य कम्पनीले जनाएको छ ।

सरकारले दिने मूल्यभन्दा स्थानीय व्यापारीले दिने मूल्य बढी भएकाले किसानहरू व्यापारीलाई धान बिक्री गर्न आकर्षित भएका राष्ट्रिय कृषक समूह महासङ्घ, मधेश प्रदेशका निवर्तमान अध्यक्ष मुक्तिनारायण यादवले बताए । किसानको उत्पादनको उचित र वैज्ञानिक मूल्य नदिएर सरकारले किसानलाई अन्याय गरेको उनको भनाइ छ ।

# ठाकुररामममा फेरी चुलियो अर्को विवाद

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको ठाकुरराम बहुमुखी क्याम्पसमा फेरी अर्को विवाद चुलिएको छ । विज्ञप्ती बुझाउने विषयलाई लिएर विवाद चुलिएको हो । नेपाल विद्यार्थी संघ(नेविसंघ) ठाकुराम इकाई समिति हुँदाहुँदै जिल्लाको ठाडो हस्तक्षेपमा सुनियोजित रुपमा विज्ञप्ति दिएको संयुक्त विद्यार्थी संगठनको बुझाई छ । ने.वि.संघका जिल्ला अध्यक्ष ई. रमेश यादवले दिएको विज्ञप्ति इकाई अध्यक्षले दिनुपर्ने हो तर विज्ञप्ति जिल्लाका नेताले दिएको कारण संयुक्त विद्यार्थी संगठनले विरोध जनाएको छ । यस्तो नियम कतै छैन तर पनि नेवि संघका जिल्ला अध्यक्ष ई. यादव र क्याम्पस प्रमुख रंजित प्रसाद यादवको मिलोमतोमा




नियम विपरित विज्ञप्ति बुझाउने र बुझिलिने कार्य भएको अखिल (क्रान्तिकारी) का अध्यक्ष अनिस पटेलको भनाई छ ।

विज्ञप्तिको विषयमा क्याम्पस प्रमुख यादवलाई बुझ्न जाँदा उनले विद्यार्थीहरुको कुनै पनि कुरा नसुनेको पटेलको दावी छ ।

संयुक्त विद्यार्थी संगठनले क्याम्पस प्रमुख यादवले बाहिरी गुण्डा बोलाएर क्याम्पसलाई झन विवादित बनाउन खोजेको आरोप लगाएका छन् । अखिल नेपाल, अखिल (क्रान्तिकारी), समाजवादी विद्यार्थी युनियन, विद्यार्थी जनमत संघ, समाजवादी विद्यार्थी युनियन नेपाल, विद्यार्थी नेता प्रहलाद दास, रुपेश साह, ईम्तियाज हुसैन लगायतले हिजो एक संयुक्त प्रेश विज्ञप्ती जारी गर्दै यसको विरोध गरेका छन् । कर्मचारी संघले क्याम्पसमा लगाएको ताल्चा खोल्न र क्याम्पस प्रमुख यादवले राजिनामा दिनुपर्ने माग संयुक्त विज्ञप्ति मार्फत गरिएको छ । माग पुरा नभए कडा आन्दोलनको बाटो रोज्न विद्यार्थीहरु बाध्य हुने चेतावनी संयुक्त विद्यार्थी संगठनले दिएको छ ।

# विपन्न वर्गका विद्यार्थीलाई पढाउन सामाजिक, वित्तीय सङ्घसंस्थाको सहयोग



**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिबासस्थित पद्मशम्शेर स्मृति प्रतिष्ठान र बर्दिबास हेल्प फाउन्डेसन तथा स्थानीय तहमा क्रियाशील विभिन्न वित्तीय संस्थाले सञ्चालन गरेका शैक्षिक सहयोगका कार्यक्रमबाट नगर क्षेत्रका विपन्न वर्गका ६६ विद्यार्थीले अध्ययनको अवसर पाएका छन् । प्रतिष्ठानको सहयोगमा ३३ जना चारवर्षे र २४ जना तीनवर्षे प्राविधिक डिप्लोमा एवं नौ जना शिक्षा तथा वाणिज्य सङ्कायअन्तर्गत स्नातक तहमा अध्ययनरत छन् । आफ्ना मातापिताको स्मृतिमा २०७७ सालमा स्थानीय विष्णु खड्काले प्रतिष्ठान स्थापना गरी सोही वर्षदेखि विपन्न परिवारका छात्रछात्रालाई छात्रवृत्तिको व्यवस्था गरेका हुन् । यसैगरी बर्दिबास–२ स्थित जनता माध्यमिक विद्यालयबाट २०४९ सालमा प्रवेशिका परीक्षामा सामेल भएका पूर्वविद्यार्थीले बर्दिबास हेल्प फाउन्डेसन स्थापना गरेर सोही वर्षदेखि सडक मानव र आश्रयविहीनलाई खाजा र खानाको व्यवस्था गर्नाका साथै २०७८ सालदेखि नगर क्षेत्रका विपन्न परिवारका सन्तानलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । हालसम्म उक्त संस्थाबाट ३० जनाले छात्रवृति पाएका छन् । यसैगरी सानिमा बैंकले पनि दुई जनालाई स्नातक तहमा पूर्ण छात्रवृत्ति प्रदान गरेको छ । हालसम्म उक्त बैंकबाट छ जना लाभान्वित भएका छन् ।

# चार बुँदे सहमतिपछि खुल्यो सप्तरीको कृषि कम्पनीमा लगाइएको ताला

**मधेशदृष्टि**
**सप्तरी ।**
विभिन्न चार बुँदे सहमतिसँगै सप्तरीको कृषि सामग्री कम्पनीमा लगाइएको ताला खोलिएको छ । कृषि सामग्री कम्पनी लिमिटेड सप्तरीको गोदाममा लागेको ताला खोलिएको छ । मलमा भएको कालोबजारी रोक्ने, संलग्नलाई कारबाही गर्ने र किसानहरुलाई आवश्यकताको आधारमा मल वितरण गर्नेसहितका चार बुँदे सहमतिपछि ताला खोलिएको हो । जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, मधेश सरकारका मुख्यमन्त्री सतिश सिंह तथा सप्तरीका सबै स्थानीय तहका प्रतिनिधिहरुको ताला हटाइएको हो । सहमतिअनुसार संघीय सरकारबाट आएको र राजविराजस्थित कृषि सामाग्री केन्द्र तथा साल्ट ट्रेडिङ कर्पोरेसनको गोदाममा रहेको मलखाद अविलम्ब वितरण गर्ने निर्णय भएको छ । त्यस्तै जिल्लामा माग बमोजिम मलखाद नआएको र आएको मलमा समेत कालोवजारी तथा कृत्रिम अभाव गर्ने सहकारी, डिलर र अन्य निकायलाई कारबाही गर्ने निर्णय पनि भएको छ । त्यस्तै जिल्लामा आवश्यक मल संघ सरकारबाट ३० प्रतिशत पनि



नभएकाले अविलम्ब आवश्यक मल माग गर्ने निर्णय गर्नुका साथै मल वितरण गर्दा कुनैपनि दलीय प्रभाव नराखी लाभग्राहीको प्राथमिकतालाई आधार बनाएर वितरण गर्ने निर्णय भएको छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए ।

यसअघि मलखाद वितरणमा बेथिति भएको भन्दै सप्तरीका पालिका प्रमुखहरूले विभिन्न माग राखी तालाबन्दी गरेका थिए ।

विवादमा बुधबार जनमत पार्टीका अध्यक्ष राउतसहित मुख्यमन्त्री सिंह धर्नासमेत बसेका थिए । धर्नापछि जनमत पार्टीले जिल्ला प्रशासन कार्यालयका प्रमुखलाई ज्ञापनपत्र बुझाउँदै मलखादको कालोबजारी रोक्न तथा किसानलाई सुपथ मूल्यमा सहज तरिकाले मलखाद वितरण गराउन आग्रह गरेको थियो ।

# नौतन प्रिमियर लिगको नेता सिंहद्वारा उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको परवानीपुर गाउँपालिका वार्ड नं ५ गण्डक चौक नजिकको क्रिकेट मैदानमा नौतन प्रिमियर लिगको शुरुवात भएको छ । नेपाली कांग्रेस बारा क्षेत्र नं ४ ख का सभापति लोकेश सिंहले लिगको उद्घाटन गरेसँगै प्रतियोगिता शुरु भएको छ । उद्घाटनमा नेता लोकेश सिंह, नेपाली




कांग्रेस बाराका जिल्ला सदस्य प्रमोद सिंह, तरुण दलका केन्द्रिय सदस्य राजकिशोर गुप्ता, तरुण दल जिल्ला सचिव शुभनारायण गुप्ता, सह सचिव हरिओम पटेल ज्यू सदस्य सुनिल पटेल, समाजसेवी रामनारायण साह, हरिशंकर गुप्ता, टिमका मालिकहरु राजेश ठाकुर, योगेन्द्र गुप्ता, गणेश साह, रोशन गुप्ता, खेल आयोजकहरु हरिशंकर साह, धिरज कुमार साह, विवेक गुप्ता, सचिन गुप्तालगायतको उपस्थिति रहेको थियो ।



**झिलिमिली लक्ष्मीसागर पोखरी:** महोत्तरी जिल्लाको मटिहानी नगरपालिका–७ स्थित ऐतिहासिक एवम् धार्मिक लक्ष्मीसागर पोखरीको रात्रीकालिन झिलिमिली दृश्य । तस्बिरःसङ्गीतकुमार मण्डल/रासस


## हिमालयन लाइफ
**HIMALAYAN LIFE**
सुरक्षा अटल, भविष्य सफल
प्रधान कार्यालय- पो.ब.नं.-२५९७९, मनकामना मार्ग हात्तीसार, काठमाण्डौ, नेपाल
(कम्पनी ऐन २०६३ र बीमा ऐन २०७९ अन्तर्गत स्थापित)
फोन नं. ०१-४४४१४१४, ०१-५९७००५७

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रिय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रपिलिपि बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमीतको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १५१००१३३३९ | रुपेश कुमार चौधरी | बनौली दनौली–०४ महोत्तरी |

सम्पादकीय

# पत्रकार महासंघको निर्वाचन

नेपाल पत्रकार महासंघको केन्द्र, प्रदेश र जिल्ला तहको एकसाथ शुक्रबार निर्वाचन हुँदैछ । यसका लागि केन्द्र, प्रदेश र जिल्लामा मनोनयन भइसकेको छ । यो मनोनयनले पत्रकारहरु निर्वाचनका लागि तयार देखिएका छन् । खासगरी २०८० फागुनमा हुनु पर्ने निर्वाचन झण्डै एक वर्षपछि अर्को सालको मंसिरको अन्तिमतिर सरेको हो।

पत्रकारहरु देशका चौथो अंग हुन्, बौद्धिक वर्ग हुन् । बलियो प्रतिपक्षी हुन्, नागरिक समाज हुन् र हतारो गर्ने साहित्यकार पनि हुन् । पछिल्लो समय अखबार, रेडियो, टेलिभिजन, अनलाइन हुँदै सामाजिक सञ्जाललेसमेत पत्रकारिताको टे«न्ड फलो गरेर 'न्यु मिडिया'को अभ्यास फस्टाएको छ । न्यु मिडियाले हजारौँ युवा स्वरोजगार भएका छन् । अखबार निकालेर रोजिरोटीको जोहो गर्ने एक तप्का छन् । आफ्नै रेडियो, अनलाइन र युट्युब टेलिभिजन च्यानल चलाएर स्वरोजगार बन्ने युवा पुस्ताको अभ्यासलाई समाजले सकारात्मकरुपमा लिन सकिरहेको छैन।

पत्रकारितासँग न्यु मिडियाले पनि प्रतिस्पर्धा गरिरहँदा जनता इन्टरनेट साक्षरतामा रत्तिएपछि पत्रकारिता कमजोर हुँदै गएको छ र नागरिक पत्रकारिता अर्थात् सामाजिक सञ्जालहरु चुनौती बनेर आएका छन् । न्यु मिडियाले तत्कालै विषयबस्तु जनतामा सदृश्य दिन भ्याउँछन्।

त्यसमा बहस गर्ने समाज बनाइसकेको हुन्छ । तर मिडियाले दुवै पक्षको धारणा राख्नु पर्छ । एउटा पक्षको मात्रै धारणा राख्दा पूर्वाग्रह या आग्रह पोखेको देखिन्छ। यसैले पनि पत्रकारिता अरु जिम्मेवार हुन जरुरी छ । पत्रकारिता जिम्मेवार हुनका लागि पत्रकार अब्बल हुनपर्छ।

समाज बुझेको हुनपर्छ । यस्ता पत्रकारहरुका लागि देशमा राम्रो पारिश्रमिक पनि व्यवस्था हुन थालेको छ । तर राजनीतिक संगठनको दबदबा, नागरिक समाजका नाममा बहुमतको शासन र एकपक्षीय समाचार प्रक्षेपण बढ्दै गएपछि न्यु मिडियाले नेपाली मिडियालाई लखेटेको हो, प्रतिस्पर्धामा आउनै नसक्ने बनाएको हो। पत्रकारका लागि पत्रकारिताका तालिम र सञ्जार गृहहरुको लगानी पनि कम हुन थाल्दा पत्रकारिता अनि पुरानै ढर्रामा रमाउन खोज्दा संकटमा परेको हो।

यस्तो अवस्थामा नेपाल पत्रकार महासघको जिल्लाबाटै जिल्ला, प्रदेश र केन्द्रमा प्रतिनिधि छान्ने गरी महासंघको निर्वाचन तोकिएको छ । मधेशका पनि आठै जिल्लामा उत्साहका साथ महासंघमा नेतृत्व गर्छु भनेर पत्रकारहरु चुनावमा होमिएका छन् । उनीहरुको राजनीतिक मोर्चाबाट पनि उम्मेदवार तोकिएका छन् । उम्मेदवार हुन रोकिएका पनि छन् । कतै उत्साह देखिन्छ, कतै आक्रोश पोखिएका छन् । जे होस्, नेपाल पत्रकार महासंघको निर्वाचन रोकिन्छ कि भन्ने सन्देश सञ्चार भइरहेका बेला एकाएक सबैतिर निर्वाचन हुन्छ र नयाँ नेतृत्व आउँछ भन्ने सन्देश गएको छ । यसका लागि पत्रकारका नेतृत्व नै जिम्मेवार र प्रशंसाका हकदार पनि हुन्।

# स्वलाभको संविधान कि राजनीति ?

डा. सुरेन्द्रराज देवकोटा

नेपाली समकालीन राजनीतिमा यति धेरै अघुलनशील पदार्थहरु मिसिन पुग्यो कि अब संसारको कुनै पनि उच्चतम् छान्ने प्रविधि र प्रक्रियाले नेपालको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा को भ्रष्ट को अभ्रष्ट, को नैतिक को अनैतिक, को सच्चा को बेईमान, को शत्रु को मित्रु, को वकिल को न्यायाधीश, को नेता को दलाल, को कर्मचारी को युनियनको नेता, को प्राध्यापक, को ढाक्रे विद्वान, को शिक्षक, को झोले नेता, को किसान, को मूल्यहीन वर्गको पहिचान गर्न सक्ने स्थिति छैन। अर्थात् गणतान्त्रिक संविधानको घोषणाभन्दा पनि पहिलेदेखि अझ भनौं ०६५ जेठ १५ गतेपछि र अहिलेको घडीमा 'नेपाली समाज समतामूलक' मा परिणत भइसकेको छ जहाँ कुनै वर्गीय असमानता नै भेटिँदैन । तसर्थ अहिले सबै नेपाली कामरेड सबै कामरेड नेपाली भैसके किनभने २०७४ देखि नेपाली काङ्ग्रेसले काङ्ग्रेसका वर्तमान अध्यक्षको नेतृत्वमा कम्युनिष्टलाई भोट दिन थालेपछि समाजमा फरक वर्ग छैनन् । यद्यपि नेपालमा कम्युनिष्टहरूले २०२८ मा र २०५२ देखी खोजीखोजी कांग्रेसीलाई मारे पनि त्यो इतिहास थियो।

समकालीन संविधान, राजनीति र राज्यप्रणालीले नेपाली अर्थसामाजिक दुर्दशाको अनुभूति लिन छोडिसकेको दृष्टान्त अनगिन्ती्े छन् । अझ भनौं, राजनीतिले समाजको औचित्य ४÷५ वर्षमा एकपटक साम, दाम, दण्ड, भेदबाट तिनीहरूको भोट लिने भन्दा बढी अर्थ राख्दैन । उदाहरणका लागि गत् असोज दोस्रो सातामा यावत् सत्ता र शासकका अगाडि नै काठमाडौंमा आएको अतिवृष्टिको आपतकालीन उद्धार संवेदनहीन हुन पुगेको शासकहरूको कर्तव्यच्यूतलाई के मानेर राजनीतिप्रति किन विश्वास गर्ने?

सत्तावालाहरूको मात्र नभएर बाहिरी समाजले समेत सायद बिर्सिसकेको एक वर्षअगाडिको (कात्तिक २०८०) मध्यपश्चिम क्षेत्र ( जाजरकोट, सल्यान र पश्चिम रुकुम) मा ६.४ रेक्टर स्केलको भूकम्पबाट पीडित करिब ८५ हजार घरधुरीका परिवारको गाँस, बास र कपाका बारेमा कुनै सार्वजनिक खोजखबर र जानकारी उपलब्ध भएन । सरकारी तथ्यांकअनुसार गत् वर्ष ती क्षेत्रमा गएको भुइँचालोले गर्दा १७१ जना दिवंगत हुन पुगे तर त्यसपछि बाँचेका मध्ये त्यो भन्दा बढी बच्चा, सुत्केरी महिला र वृद्धवृद्धा अभावै अभावमा मृत्युवरण गर्न वाध्य भए। अर्को शब्दमा सम्पूर्ण राज्य व्यवस्था, संविधान र शासन प्रणाली र त्यसका अंशियारको जनताप्रतिको उत्तरदायित्व 'शून्य' भन्दा पनि तल गि¥यो।

स्मरणीय रहोस्, त्यही क्षेत्रबाट २०५२ सालदेखि 'सुरुङ युद्ध' मार्फत् समाजवाद स्थापनार्थको स्वाङ पार्दै देशभर १७ हजार नेपालीको सिकार गरिएको थियो। गत् वर्ष त्यही जाजरकोटमा भुइँचालो जाँदा तिनै कामरेडहरू शासक थिए। अहिले जाजरकोटको पीडाका लागि प्रचण्ड कमरेडले उद्घाटन गरेको रोल्पास्थित भ्यू टावर छ। अब के नेपालका कमरेड शासकहरु र जर्जे अर्वेल्सको एनिमल फार्मका नेपोलियन बीचमा केही फरक छ र? फेरि, नेपालका कामरेडहरलाई भ्यू टावर निर्माण गर्न मन पर्ने भएकाले एनिमल फार्म नै हाई स्कूलमा एउटा पाठ्यक्रमको पुस्तक हुदां राम्रो होला।

हरेक वर्षहरुमा हुने प्राकृतिक प्रकोप÷आपद्विपद् (भूकम्प, बाढीपहिरो, आगजनी, महामारी) बाट सयौं÷हजारौं बिचौलिया कामरेडले करोडौं कमाए होलान् तर आमनागरिक, जो वास्तविक गरिब र पीडित छन्, तिनीहरूको समस्या हेर्ने कथाको एउटा अंश मात्रै हो। अर्थ राजनीतिले जनतालाई मूल्यहीन भन्दा पनि नीच अवमूल्यन कहिल्यै गरेको थिएन। यसरी आम नागरिकको 'मूल्यहीन' तर राजनीतिक शासक वर्गचाहिँ 'मूल्यवान' ठानिने नेपालमा वामपन्थी विगत १७÷१८ वर्षदेखि अविछिन्न सत्तामा छन्।

मूल्यविहीन नागरिकको एउटा उदाहरण हेरौं।२०६२÷६३ पछिका हरेक वर्ष बदलिने मन्त्रीपरिषद्को तालिकाअनुसार नेपालमा शिक्षामन्त्रीको सूची हेर्दा ७५ प्रतिशत शिक्षामन्त्री वामपन्थी सोचबाट सिञ्चित थिए र छन्।

'जनमुखी शिक्षा' लेखिएको समाजवादउन्मुख नेपालको अलौकिक संविधानअनुसार नै हरेक वर्ष कम्तिमा दुई लाख 'सर्वहारा वर्ग' उत्पादन भइराखेका छन् । किनभने यसैवर्ष नेपाल सरकारले ५÷६ महिना अगाडि प्रकाशित गरेको माध्यमिक शिक्षा परीक्षामा करिब दुई लाख ४० हजार विद्यार्थी (जो १६÷१७ वर्षका हुन्छन्) अनुत्तीर्ण भए । त्यो करिब ५० प्रतिशतको हाराहारीमा थियो । यसप्रकार विगत कैयन् दशक देखि बार्षिक करिब दुई लाख 'युवा सर्वहार वर्ग' उत्पादन गर्ने नेपालको समाजवादी शिक्षा स्वयं अलौकिक हो। विचरा ती १६÷१७ वर्षका युवायुवतीको एउटै भूल थियो कि तिनीहरू सरकारी विद्यालयका विद्यार्थी थिए। अब यी यावत् सरकारी विद्यालय जसले ८० ÷९० प्रतिशत सर्वहारा उत्पादन गर्छन्, त्यहाँ दलीय झोलेहरूको आधिपत्य स्थापित छ, तिन्को न कनै जवाफदेहिता छ न त कुनै पेसाप्रति उत्तरदायित्व नै । अब माक्र्स, लेनिन र माओदेखि वर्तमानका खाओवादीहरूको तस्बिर झुन्ड्याइएको विद्यालय र आत्ममुग्ध शिक्षा एवं शिक्षकले सर्वहारा उत्पादन नगरे के गर्छ?

त्यस्को अलावा, करिब ८ लाख साना बालबालिकाले विद्यालय नदेखेको र विद्यालय उमेरका वार्षिक दुई तिहाइ बालबालिकाले विद्यालय छोडने वास्तविकतालाई कसैले वास्ता गर्दैन। तिनीहरू सबै सर्वहारा हुन्, जो कि त राजनीतिक श्रमशक्ति बन्नेछन् वा सकेमा राम्रो भविष्यको लागि देशबाट बाहिर जान्छन्।

सामान्य नेपालीको जीवनलाई मूल्यहीन ठान्ने अर्थ राजनीतिक राज्य व्यवस्थामा हरेक वर्ष कम्तिमा दुई हजार नेपाली सडक दुर्घटनामा अर्काका कारण मरेका छन् । त्यसरी नै विदेशबाट हरेक महिना कम्तिमा दुई सय शव बाकस भित्रिन्छ। तर त्यसलाई हरेक महिना भित्रिने एक खर्ब रुपैयाँको विप्रेषणले निलिदिन्छ।

उता त्यही एक खर्बबराबरको रकम खाद्य एवं अखाद्य वस्तुको आयातमा खर्चिन्छ । एक हातको आम्दानी अर्को हातले बाहिरिन्छ तर खुद राष्ट्रिय आम्दानी भने दुई सय शव बाकस मात्रै हो भन्दा फरक पर्दैन। राजनीति गर्नेहरूको राज्यसत्ता यसरी टिकेको कम्तिमा दुई दशक भइसक्यो । त्यसैले विश्वको खुसी सूचांक (२०२४) मा नेपाल खुसी हुनेहरुको बीसौं राष्ट्रमध्ये एक हुन पुगेको छ। किनकि देशबाट एकतिहाइ जनसंख्या विदेशमा सर्वहारा मजदुर बन्न वाध्य छ।

अब देशभित्रको आम्दानीले धान्न सक्ने अर्थराजनीतिक संरचनामा आधारित राज्यव्यवस्था भएको भए जनताको आस्था र विश्वास मर्ने थिएन । के तीन करोड नेपाली जनताको निम्ति २१ वटा मन्त्रालय, २९ वटा विभाग, एक दर्जनभन्दा बढी केन्द्रीय आयोग, दुई दर्जन विश्वविद्यालय, दुईतले संघीय विधायिका संसद्, सातवटा प्रदेश÷मुख्यमन्त्री,मन्त्री र ७५३ वटा पिर्के सलामी खान आतुर स्थानीय सरकारको औचित्य छ ? त्यतिले नपुगेर ४२ वटा सार्वजनिक संस्थान, एक दर्जन संवैधानिक निकाय र एक सयजति अदालती कार्यव्यवस्था र सरकारी स्वामित्वमा स्थापित चार दर्जन जति भत्ता खाने निकाय नेपाली राजनीतिमा स्वलाभका खातिर स्थापित संस्थाले नेपालको अर्थराजनीतिमा 'मूल्य जोडेका' छन् कि 'राजनीतिक भाडा' खाएर बाँचेका छन् ? यस्ता विषयलाई लिएर संविधान संशोधन गर्नुपर्ने आवश्यकता रहेको भनेर कुनै कामरेड वा कांग्रेसले बोलेको सुनिएको छ, संवाद त परै जाओस्।

गणतन्त्र घोषणापछि भएका तेस्रो र चौथो आर्थिक सर्वेक्षणअनुसार शहरी क्षेत्रमा तीन प्रतिशत गरिबीको दर बढेको र ग्रामीण क्षेत्रमा तीन प्रतिशत घटेको देखाउँछ। अझै पनि ३२.३ प्रतिशत जनता निरक्षर छन् । अर्थात् देशमा गरिबी बढिरहेको छ, जुन वामपन्थी आदर्श हो। त्यसैले नेपालको संविधान र राजनीति मन्त्रमुग्धतामा बाँचेको छ । एउटाले अर्कोको झुटो तारिफ मात्रै गर्छ।

संविधानलाई सुनले लिपिबद्ध गर्दैमा आमनागरिकले अपनत्व लिँदैनन् । के जाजरकोटलगायतका मध्यपश्चिमका भूकम्पपीडित नागरिकलाई यो संविधान र तिनका अख्तियारवालाप्रति कुनै विश्वास बाँकी होला र ? करिब नौ वर्षअगाडिको गोरखाको भूकम्पबाट पीडित लाखौं घरपरिवारले सरकारी सहुलियत ऋणको नाम सुने तर यथार्थमा कसैले पनि १५ प्रतिशत भन्दा तल ऋण पाएनन् र अझै पनि ऋणी नै छन्। विगत नौ वर्षमा देशमा करिब नौ खर्ब नै बेरुजू थियो र छ। २०७२ को संविधान घोषणा भएपश्चात राष्ट्रिय बेरुजू र भ्रष्टाचार संस्थागत नभएको सरकारी अड्डा छैन। अनि के नेपाली जनता 'एनिमल फर्म' का पात्र मात्रै हुन् र ? राजनीतिक वकवासलाई सधैं सत्य मान्नुपर्ने?

त्यसको अलावा सहकारीबाट भइराखेको आर्थिक अराजकताको सीमा खोज्ने संस्था नै नभएको देशमा करिब ६० लाख सहकारी सदस्यमध्ये एकतिहाइको रकम अपचलन भइसकेको हुनुपर्छ। त्यसको एउटा ऐना संसदीय समितिले एक सय अर्बको हिसाबकिताब खोज्यो तर बाँकी कसले कसरी खोज्ने ? सहकारी मन्त्रालय, विभाग, बैंक, अख्तियार सबैको निकम्मापनमा लाखौं नागरिकको जीवनभरको रगतपसिना डुबेको बिस बर्ष भै सक्यो ? अब ति लाखौं सहकारी पीडित, जो अब सर्बहारा बर्गमा परिणत भए, तिनीहरु संविधान समातेर रुने कि राजनीतिक आशीर्वाद थाप्ने ? राजनीति र संविधानप्रति विश्वास छ भन्ने आधार के र कहाँ बाँकी छ ? नेपालमा स्वतन्त्र न्यायपालिका र अख्तियार दुरुपयोग संस्थान कसले बनाउने हो जसले राष्ट्रिय स्तरका सबै प्रकारका भ्रष्टाचारलाई नियन्त्रण गर्ने हैसियत राख्दछ?

वास्तवमा देशका ८८५ जना ( ५५० प्रदेश, ५९ र २७५ केन्द्रमा, र एक राष्ट्रपति) ले उफ्रेरमात्रै संविधान बाँच्दैन । तिनैको आश्रयमा बाँचेका बिचौलिया र सरकारी पत्रकारको मन्तव्यलाई आधार बनाउँदै संविधानमा शृङ्गारमा परिवर्तन गर्ने धृष्टता राष्ट्रिय अभिसाप हुनेछ । अब यदि त्यो कामको ठेक्का वर्तमानका वा पूर्व न्यायाधीशहरूलाई दिइयो भने 'प्रिपेड वा पोस्टपेड' का दफा सजिलैसँग भेटिनेछ किनकि न्यायक्षेत्र नै आत्ममुग्ध रोगबाट पीडित छ।

नेपालको संविधान र राजनीतिक खेलाडीहरु, न्यायपालिका र कर्मचारीतन्त्रलाई समेट्ने नेपालको राजनीतिक सरोकारवालाहरूबीचको वास्तविक समस्या स्वलाभको व्यवहार हो, जहाँ एउटा ले अर्कोलाई जोगाउँछन् तर सामान्य मानिसहरू र तिनीहरूको जीवनको आबश्यकता र गुणस्तरको बारेमा कसैले वास्ता गर्दैन।

# लाग्छ, म 'बिग बोस'को घरमा छु



क्रान्तिशिखा

आफ्नो मनको कुरा लेख्न नपाएको धेरै भयो। प्रायः मनोविज्ञानसँग जोडिएको विषयमा लेख्न रुचाउने भएर पनि होला ठ्याक्कै केही कुराले ट्रिगर नगरुञ्जेल जबरजस्ती लेख्न गाह्रै हुन्छ मलाई । त्यसरी लेखेका शब्दमा खास मिजास भेट्दिनँ म । आज चाहिँ मनमा लागिरहेको कुरा, त्यसलाई ठ्याक्कै के नाम दिने पनि कन्फ्युजनमा छु। धेरथोर अनुभव र आत्मालोचनालाई मिसाएकी छु। यसलाई जसरी जे नाम दिन सही ठान्नुहुन्छ, त्यो मेरा पाठकहरूमाझ नै छोडिदिएँ।

राजनीतिमा हुने कुटिल कुराहरू बुझ्दै नै राजनीतिमा आएकी हुँ। प्रत्यक्ष म राजनीतिमा आएको दुई वर्ष बितिसकेको छ, तर यो समय कति छोटो, कति लामो, त्यो आआफ्नो दृष्टिकोणमा निर्भर होला । यी दुई वर्षमा मैले के सिकें, के भोगें भनेर अहिले स्पष्ट शब्दमा भन्न पनि गाह्रो छ।

राजनीति एउटा यस्तो क्षेत्र रहेछ, जहाँ सम्बन्धहरू प्रायः औपचारिक रूपमा गाँसिदा रहेछन्, गफहरू प्रायः राजनीतिकै धागोले बाँधिँदा रहेछन् । कहिलेकाहीँ राजनीतिबाहेक अरू विषयमा गफ गर्न पाए हुन्थ्यो भन्ने लाग्छ, तर त्यस्तो सम्भावना कमै हुन्छ। अनौठो कुरा, राजनीति नछुने कुरा निकाल्न खोज्दा पनि त्यसैमा अल्झिन्छु।

म कुनै ठूलो र विस्तृत नेटवर्क भइसकेको व्यक्ति पनि होइन, तर जसलाई चिन्छु, ती सबैसँग हुने संवादमा राजनीति आफैं आइहाल्छ । म अनौपचारिक राजनीतिक संवादमा त्यति चासो राख्दिनँ, तर राजनीति भनेको सम्बन्धहरूको खेल रैछ। म दुईतर्फी सम्बन्धमा विश्वास राख्ने मान्छे हुँ। कसैलाई भेटेपछि बिदा हुँदा, फेरि कहिले भेटिन्छ भन्ने अनुभूति नभएको मानिसलाई म केवल 'पीआर'को लागि भेट्न मन पराउँदिनँ, तर राजनीति भनेकै यस्तै भेटघाट र औपचारिकता रहेछ।

यो राजनीतिको चौरमा आइसकेपछि मलाई अरूमाथि भरोसा राख्न मुस्किल हुन थालेको छ । लाग्छ, म 'बिग बोस'को घरमा छु, जहाँ मेरो हरेक गतिविधि रेकर्ड भइरहेको छ। म कसैको आँखामा छु, कसैले मेरो कुरा सुन्दैछ, कोही आफूभन्दा अगाडि बढ्ला भन्ने डरले प्रपञ्च रचिरहेको छ । हिजोसम्म साथ दिएको मान्छे, एकैछिनमा दुश्मन बनिरहेको छ, को सही, को गलत अत्तोपत्तो छैन। भावनाको पनि व्यापार भइरहेको छ, सिङ्गो व्यक्तिभन्दा ऊसँग भएका सम्पत्ति, शक्तिले आकर्षित गरिरहेको छ।

सबैभन्दा ठूलो डर भनेकै नियतलाई कसैले गलत रूपमा लियो भने के हुन्छ भन्ने हो। नियत सधैं सफा रहन्छ भन्ने कुरामा सम्बन्धित व्यक्ति विश्वस्त छ, तर नियतलाई अरूसँग प्रमाणित गर्न त साह्रो हुन्छ । समाज फेरि यस्तो भल्नरेबल फेजमा छ। सामाजिक सञ्जालमा हुने टिप्पणी र छोटो क्लिपकै आधारमा नियत, चरित्र, बौद्धिकतालाई नापिदिन्छ। एकै दिनमा मानिस हिरो, अर्को दिन जिरो बन्न तयार भए हुन्छ।

यहाँ टुट्न पाइँदैन । जब घेराबन्दी गरिन्छ, जब तपाईंको सच्चाइलाई चुनौती दिइन्छ, तब आफैंभित्रको बल निकाल्नुपर्छ। यहाँ सानो कुरामा आँखा रसाउनेको खिसीटिउरी गरिन्छ, स्टन्टको रूपमा हेरिन्छ। भलो चिताउनेलाई शङ्का गरिन्छ। अनावश्यक तारिफ गर्ने प्यारो हुन्छ, तर फेरि यस्तो समाजमा आफैं मपाईं जसले गर्नसक्यो, त्यही खतरा हुन्छ। गफ दिन जान्नु यो क्षेत्रमा नभई नहुने अस्त्र हो। अरूले गरेको कामको क्रेडिट जसले लिन सक्यो, त्यही क्रियटिभ हुन्छ।

तर सत्य के पनि रहेछ भने राजनीति केवल भाषण र वाचा गर्ने ठाउँमात्र होइन, यो मनोविज्ञान र सहनशीलताको परीक्षा लिने ठाउँ हो । यो क्षेत्रले मलाई मेरो शक्ति, मेरो कमजोरी र मेरो वास्तविकता देखाइरहेको छ । यो यात्रा सजिलो छैन । किनकि राजनीतिमा टुट्न मनाही छ।

थाहा छैन, यो पढिसकेपछि मलाई धेरैले आफ्नै हिसाबले मूल्याङ्कन गर्नुहुन्छ । त्यो उहाँहरुको अधिकारको कुरा भयो। मूल्याङ्कन फेरि सधैं राम्रो हुन्छ भन्ने अपेक्षा मैले पनि राख्नुहुन्न। प्रयत्न चाहिँ सकारात्मक नै होस् भनेर गर्ने हो। खैर !

'के केटाकेटी जस्तो' भनेर कसैको मुक्तकण्ठबाट निकालिन सक्छु !

'जान्नेलाई छान्ने भन्ने पार्टीले यस्तालाई त छानेको छ' भनेर कसैको कुरा काट्ने विषय बन्न सक्छु !

तर यो समाजमा मैले जसरी नै सोच्ने पनि त कोही होलान्। कसैले यी वाक्य पढ्दै गर्दा हलुका महसुस पनि त गर्न सक्लान् ! मेरो ठाउँमा उनीहरू भएको आभास गर्लान्।

म परिपक्व भइसकेको छैन या मलाई राजनीतिमा गरिने व्यवहार, निभाइने सम्बन्धप्रति आपत्ति छ । राजनीति गर्ने व्यक्ति भइसकेपछि ससानो कुरामा मन दुःखाउनु हुँदैन भन्छन्।

सानो छँदा कसैले भारी बोकेको देख्दा असहज महसुस गर्थें, तर विस्तारै परिपक्व हुँदै जाँदा बुझें यो केवल व्यक्तिगत भावनामात्रै होइन, ठूलो संरचनात्मक समस्या हो । जब कुनै वृद्ध रिक्सा चालकलाई परिवार पाल्न कठिन सङ्घर्ष गरिरहेको देख्छु, तब तिनका आँखामा दुःखमात्र होइन, हाम्रो व्यवस्थाको विफलता पनि देख्छु । त्यसपछि मनमा प्रश्न उठ्छ– 'किन यस्तो अवस्था बदल्न सकिएको छैन ?' धुलोले रङ्गिँदै साग बेच्दै गरेकी वृद्ध महिलालाई सम्झन्छु। उनको हालतले विवशतामात्रै होइन, हाम्रो समाजको असमानता पनि झल्काउँछ। उनको अनुहारका रेखाहरूमा मैले राज्यको कमजोरी र उपेक्षा देख्छु।

बाटोको छेउमा लम्पसार परेका घरविहीन व्यक्तिहरूलाई देख्दा केवल उनीहरूको बेथिति देख्दिनँ। उनीहरूको अवस्था एक समग्र सामाजिक अन्यायको परिणाम भन्ने बुझ्छु। खुला आकाशमुनि सुतेका ती मानिसहरूलाई देख्दा देशको व्यवस्थामा तुसारो लागेको महसुस हुन्छ, विदेशिएका छोराछोरीको प्रतीक्षामा दिनरात आँसु पुछिरहेका आमाबाबुलाई सम्झन्छु । ढल्किँदै गरेको उमेरमा बचेको आशा देख्छु, तर जसले सन्तानको फर्कने बाटो हेर्छन्, मेरो मनलाई निरन्तर झस्काइरहन्छ।

यस्ता दृश्यहरूले बारम्बार मेरो मनलाई घच्घच्याउँछन्, उकुसमुकुस हुन्छ मलाई । याद गराउँछ नेतृत्वको भूमिका केवल निर्णय लिनुमात्र होइन, यी पीडाहरूलाई सम्बोधन गर्ने जिम्मेवारी पनि हो, तर जब मानिसहरू भन्छन्, 'नेता हुनलाई ठूलो मन र संवेदनाहीनता चाहिन्छ'। म आफूलाई प्रश्न गर्न थाल्छु– 'किन नेता जनताको पीडामा मन नबिझने हुनुपर्छ ? किन नेतृत्वको पहिलो सर्त मानवीय संवेदनालाई पन्छाउनु मानिन्छ?'

यी प्रश्नहरू मेरो मनभित्र बारम्बार उठिरहन्छन्, तर फेरि चारैतिरबाट एउटै आवाज सुनिन्छ– 'नेता हुनलाई ठूलो मन हुनुपर्छ। यस्ता झिनामसिना कुराले मन विथोल्न हुँदैन।'

यही कुराले मलाई बारम्बार प्रश्न गर्न बाध्य बनाउँछ।

किन?

किन नेता हुनुको पहिलो सर्त संवेदनाहीन हुनुपर्छ?

किन जनताको पीडामा मन नबिझनुपर्ने भन्ने भाष्य बनाइएको छ?

तिनैको पीडाले मन नविथोलिने राजनीति कसका लागि गर्ने?

बाढीले बगाएको सपना, पहिरोले पुरेको आशा, भुईचालोले भत्काएको आत्मविश्वासलाई देखेर उनीहरूकै लागि उभिन सकिँदैन भने राजनीति कसका लागि गर्ने?

नेतृत्व गर्नेहरूसँग भिजन चाहिन्छ भन्ने कुरा सत्य हो, तर के त्यो भिजन तिनै साना दुःखहरूसँग नजोडिई बन्नसक्छ?

के भिजन भनेको ठूल्ठूला योजना बनाउने र हरेक सानो पीडालाई नजरअन्दाज गर्ने कुरा हो?

भिजन भनेको जनताको पीडा बुझ्ने र त्यो पीडामा मलम लगाउन सक्ने उपाय खोज्नु हो । राजनीति भनेको केवल सत्ता प्राप्तिको साधन होइन । यो जनताको मन बुझेर उनीहरूको दुःखलाई आफ्नो बनाउन सक्ने माध्यम हो । एउटा नेता केवल योजनाकारमात्रै होइन, संवेदनशीलता र सहानुभूतिको प्रतिमूर्ति पनि हो। 'ठूलो मन' भनेको साना कुरालाई बेवास्ता गर्नु होइन, साना कुराहरूको महत्त्व बुझेर काम गर्नु हो। जनताको दुःखसँग जोडिनु नै सच्चा भिजनको सुरुवात हो। नेता हुनु भनेको जनताको आँसु पुछ्नसक्ने हिम्मत राख्नु हो । राजनीति भनेको साना कुराहरूप्रति संवेदनशील भई ठूला परिवर्तनको आधार तयार गर्नु हो।

अझ दिनहुँ साथीभाइसँग हुने सतही राजनीतिक गफले म झन् अवाक छु । राजनीतिमा भइरहेको छलफल र बहसले कुनै ठोस निष्कर्ष दिनुको सट्टा उही पुरानै घुमीमा घुमिरहेको जस्तो लाग्छ । खासगरी युवा पुस्ता राजनीतिमा आउने क्रम बढे पनि सोच र दृष्टिकोणमा ठूलो परिवर्तन हुन सकेको देखिँदैन । उमेरको मात्रै फरक हो, सोच र मानसिकता भने उस्तै थिचिएको र सीमित देखिन्छ । त्यसैले कुनै ठूलो परिवर्तनको आशा गर्न पनि गाह्रो हुन्छ।

धेरै युवा राजनीतिमा आएर पनि पुरानै शैली र परम्परागत सोचमा अडिग छन्, जसले नयाँ दृष्टिकोण ल्याउनुको सट्टा उही पुरानो जडतालाई बल पुऱ्याउँछ । म यहाँ सबै युवा साथीहरूको कुरा गरिरहेकै छैन, मेरो दिनचर्यामा भेट हुने केही व्यक्तिहरूलाई इङ्गित गरेको हो । यसमा अपवादहरू पक्कै छन्, जसले सकारात्मक परिवर्तनको बाटो देखाउन सक्छन्, तर ती अपवादहरूलाई पुरानो सोचले ढाक्ने प्रयास भइरहेको महसुस हुन्छ। यो परिस्थितिमा राजनीतिमा रहेका र आउन चाहने युवाले साँचो अर्थमा परिवर्तनकारी सोच र उद्देश्य लिएर अघि बढ्नु आवश्यक छ, अन्यथा उमेरमात्रको परिवर्तनले खास प्रभाव पार्दैन।

केन्द्रमा भएको कारणले गर्दा मलाई धेरैजसो राजनीतिक घटनाहरूको जानकारी अरूभन्दा पहिले नै थाहा हुन्छ। यस्तो स्थानमा हुनु मेरो लागि अवसर भए पनि यसले जिम्मेवारीको भारी थप्ने गर्छ। कुनै पनि घटनाको स्पष्ट जानकारी नपाउँदासम्म म त्यस विषयमा अरूसँग गफ गर्न उचित ठान्दिनँ। किनभने अधुरो जानकारीले गलत अर्थ र सन्देश दिइरहेको छरपस्ट नै छ, तर कहिलेकाहीँ आफूलाई पूर्ण रूपमा थाहा नभएको वा आधा अधुरो सुनेका कुरामा अरूले गरेका मूल्याङ्कन, तिनले सिर्जना गर्ने हल्ला र त्यसबाट फैलिने अफवाहले मलाई निकै दिक्क बनाउँछ।

अझै कतिपय मानिसहरू विनाआधारकै तर्क गर्न मन पराउँछन्, जसले समाजमा गलत बुझाइ र नकारात्मक प्रभाव फैलाउन सक्छ। फेरि तिनै मानिसहरू मलाई राजनीति गर्ने, चुनावमा कसरी जित्ने अथवा कसरी लोकप्रिय हुने भनेर सिकाइरहेका हुन्छन्। उनीहरूको छलफलमा नेता बन्न क्षमता बढाउनु पर्छ, अध्ययनशील हुनुपर्छ भन्ने कुरा कहिल्यै सुन्दिनँ। त्यही पुरानै शैली 'जो गन्यमान्य नेता छ, उसकै पछाडि लाग्नुपर्छ, आफू सेफ जोनमा बस्नुपर्छ' भन्ने भाषाको प्रयोग गर्छन्। यिनै फेरि केही कहलिएका विश्वविद्यालय भाँड्ने विद्यार्थी नेता, केही सो–कल्ड ठूलै नेताका सल्लाहकार हुन्छन्। अझै यो देशमा खानेपानी, बाटो, बिजुलीको एजेन्डा नै बिक्नुको मुख्य कारण यिनीहरू पनि हुन्।

म यस प्रकारका हल्लाहरू यस्ता मानिसहरूले दिने सल्लाहहरूले उत्पन्न गर्ने अनावश्यक विवाद र द्वन्द्वलाई पनि गम्भीरतापूर्वक लिन्छु । राजनीतिक जिम्मेवारीमा रहेका व्यक्तिहरूले आफ्नो बोली र व्यवहारमा विशेष ख्याल पुऱ्याउनुपर्छ, तर अफवाह फैलाउने मानसिकता र सतही चर्चाको प्रवृत्तिले गर्दा कहिलेकाहीँ सत्य र तथ्यको पहिचान गर्नसमेत गाह्रो हुन्छ।

मैले राजनीति गर्ने निर्णय गर्दा सोचें कि यो केवल जनताको लागि, उनीहरूको जीवन सुधार्न हुनेछ, तर यो यात्रामा मैले बुझें कि राजनीति केवल कामले होइन, सम्बन्धले पनि बाँधिएको छ। यहाँ सत्य बोल्ने आँट गर्नु भनेको आफ्नोविरुद्धका हतियार बनाउनलाई आधार दिने जस्तो हो। तथापि यो सबैका बावजुद म आफ्नो यात्रालाई सही ठान्छु। मलाई थाहा छ, मेरा असहज अनुभव र चुनौतीले नै मलाई बलियो बनाउँछन् । म बारम्बार प्रश्न गरिरहनेछु– म कुन उद्देश्यका लागि यहाँ छु ? मेरा निर्णयहरू जनताका लागि कति उपयोगी छन्? यद्यपि मलाई थाहा छ, मेरा यी प्रश्नहरूको उत्तर सजिलै भेटिनेछैन।

यसैले मैले आफैंभित्र एउटा सन्तुलन खोज्ने प्रयास गर्दैछु । संवेदनशीलता र सहनशीलताको यो सङ्घर्षमै म आफूलाई फेला पारिरहेकी छु। राजनीति भनेको आफ्नो भित्री सङ्घर्ष र बाह्य परिस्थितिबीचको समायोजन हो। यस यात्रामा मेरा केही भावना बाँड्ने ठाउँ नभए जस्तो लाग्नसक्छ, तर यी भावना, यी कुराहरू लेख्दै गर्दा म आफूलाई स्वतन्त्र महसुस गर्छु। राजनीति मेरो लागि केवल सत्ता र रणनीति होइन, यो मेरो मानवीय पक्षसँगको निरन्तरको सङ्घर्ष हो। मलाई यो यात्रा सजिलो छैन भन्ने थाहा छ, तर म यहाँ छु। किनभने म परिवर्तन चाहन्छु । यो परिवर्तन सजिलो छैन, तर यसमा सम्भावना छ। नेपालप्रेस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# अपांगता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नुपर्छः उपसभामुख

**काठमाडौँ ।**
उपसभामुख इन्दिरा राना मगरले अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नुपर्ने बताएकी छिन् ।



राष्ट्रिय बालअधिकार परिषद्ले बुधबार काठमाडौँमा आयोजना गरेको 'अपाङ्गता भएका बालबालिकाको निःसंस्थागतकरण, नीति र अभ्यासमा समावेशी गुणस्तरिय शिक्षा तथा अपाङ्गता जाँच उपकरणको संस्थागत प्रयोगसम्बन्धी' संवाद कार्यक्रममा अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि आवश्यक कानुन बनाउनुपर्नेमा उपसभामुख राना मगरले जोड दिइन् ।
उनले स्थानीय तहबाट नै अपाङ्गता बालबालिकाका मैत्री कानुन बन्नुपर्ने बताइन । शिक्षा विधेयक समावेशी बनाउन आफूले भूमिका खेल्ने उपसभामुख राना मगरको भनाइ थियो । अपाङ्गता भएका बालबालिकासम्बन्धी बनेका नीतिलाई कार्यान्वयन गर्न सबैले दबाब दिनुपर्ने उनले बताइन । उनले अपाङ्गता भएका बालबालिकाको पहुँच शिक्षामा समग्ररुपमा अरु बालबालिका जस्तै पुर्याउनुपर्नेमा जोड दिँदै उपसभामुख राना मगरले बालबालिकाका लागि समावेशीकरण नीति बन्नुपर्ने राससलाई बताइन् । विश्व नै समावेशीको कुरा गरिरहेको बेला हामीले समानताको नीति बनाएर अभ्यास गर्नुपर्ने उनको भनाइ थियो । अपाङ्गता भएका बालबालिकाको शिक्षा र हेरचाह गर्न छुट्टै जनशक्ति उत्पादन गर्नुपर्ने उपसभामुख राना मगरले बताइन् ।
कार्यक्रममा परिषद्का अध्यक्ष बमबहादुर बाँनियाले अझै पनि अपाङ्गता भएका व्यक्तिका लागि नीति बने पनि कार्यान्वयनमा समस्या रहेको बताए । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै हातेमालो समाज नेपालका अध्यक्ष डिल्लीराम गिरीले अपाङ्गता भएका बालबालिकामाथि सरकारले लगानी गरेमात्र बालअधिकार सुनिश्चित हुने बताए ।
कार्यक्रममा नीति र अभ्यासमा समावेशी गुणस्तरिय शिक्षासम्बन्धी प्रस्तुतिकरण गर्दै शिक्षा तथा मानवस्रोत विकास केन्द्रका निर्देशक सविता दङ्गालले ३३ विशेष र २३ एकीकृत विद्यालयबाट करिब ३३ हजार अपाङ्गता भएका बालबालिकालाई शिक्षा प्रदान गरिरहेको बताइन् । उनले अपाङ्गमैत्री पाठ्यक्रम बनाउने काम भइरहेको जानकारी दिइन । उनका अनुसार केन्द्रले करिब एक हजार तीन सय विद्यार्थीलाई ब्रेललिपीका पाठ्य सामग्री उपलब्ध गराएको छ ।
यस्तै केन्द्रका अधिकृत दीपक माझीले अपाङ्गता जाँच उपकरणको संस्थागत प्रयोगका सम्बन्धमा प्रस्तुतिकरण गर्दै अझै पनि अपाङ्गता भएका व्यक्तिलाई सबै उपकरण पुर्याउन नसकेको बताए । करिब १० हजार आठ सय ८२ अपाङ्गता भएका बालबालिका वैकल्पिक स्याहार केन्द्रमा रहेको परिषद्का अध्यक्ष बाँनियाले जानकारी दिए । रासस

# प्रधानमन्त्री ओलीद्वारा आफूले पढेको विद्यालय भवन उद्घाटन

**पाँचथर ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले प्रारम्भिक शिक्षा लिएको प्रणामी माध्यमिक विद्यालयको नवनिर्मित भवनको बुधबार उद्घाटन गरेका छन् ।
तेह्रथुमको आठराई गाउँपालिका–४ इवामा रहेको उक्त विद्यालयमा निर्माण भएको १८ कोठे भवन बुधबार प्रधानमन्त्री ओलीले रिबन काटेर उद्घाटन गरेका हुन् । यस क्रममा उनले विद्यालयका विद्यार्थी, शिक्षक, स्थानीय लगायतसँग अन्तरक्रियासमेत गरेका छन् ।
प्रधानमन्त्री ओलीले यस विद्यालयमा कक्षा ३ सम्म अध्ययन गरेको विद्यालयका प्रधानाध्यापक अमृतबहादुर बुढाथोकीले जानकारी दिएका छन् । दक्षिण कोरियाको युम होङ गिल ह्युमन फाउण्डेसनको सहयोगमा निर्मित उक्त भवनको हालै निर्माण सम्पन्न भएको हो ।
भवन निर्माणमा उक्त फाउण्डेसनले चार करोड ४९ लाख ६० हजार रुपैयाँ, कोशी प्रदेश सरकारले २१ लाख ४० हजार रुपैयाँ र आठराई गाउँपालिकाले ६९ लाख रुपैयाँ लगानी गरेका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भीम घिमिरेका अनुसार पुरानो भवनमा पठनपाठन गर्न समस्या भएपछि प्रधानमन्त्री ओलीलाई विद्यालयले बजेटको पहल गरिदिन आग्रह गरेको थियो ।
प्रधानमन्त्री ओलीकै आग्रहका युम होङ गिल ह्युमन फाउण्डेसन दक्षिण कोरियाले मुख्य लगानी गरेपछि भवन निर्माण भएको घिमिरेले बताए । कार्यक्रममा नेपालका लागि दक्षिण कोरियाली राजदूत पार्क ते योङ,युम होङ गिल ह्युमन फाउण्डेसनका पार्क यु सुन लगायतको उपस्थिति रहेको थियो । रासस

# रोजगारीको प्रमुख स्रोत निजी क्षेत्र होः मन्त्री भण्डारी

**काठमाडौँ ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीले रोजगारीको प्रमुख स्रोत निजी क्षेत्रभएको बताएका छन् ।
बुधबार 'सीप विकासका लागि हाम्रो प्रतिबद्धता, समृद्ध राष्ट्रको सुनिश्चिता'भन्ने नारासहित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैँसेपाटीले काठमाडौँमा आयोजना गरेको रोजगार प्रवर्द्धन गर्ने अभिप्रायले सरोकार भएका निकाय तथा रोजगारदातासँगको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले सो कुरा बताएका हुन् ।
मन्त्री भण्डारीले भने, 'सरकारले रोजगारी दिने होइन सुविधा दिने हो । रोजगारदाता भनेको संसारभर निजी क्षेत्र हुने भएकाले रोजगारीको प्रमुख स्रोत पनि निजी क्षेत्र हो ।' सोही कार्यक्रममा बोल्दै मन्त्रालयअन्तर्गत आन्तरिक रोजगार महाशाखाको स्थापना गर्न लागेको उनले जानकारी दिए ।
वैदेशिक रोजगारीका लागि महाशाखा, बोर्ड र विभाग भए पनि आन्तरिक रोजगारीका लागि केही व्यवस्थान भएकाले आन्तरिक रोजगार महाशाखाको स्थापना गर्न लागिएको मन्त्री भण्डारीको भनाइ छ । 'मन्त्रालयअन्तर्गत आन्तरिक रोजगार महाशाखाको स्थापनाले मुलुकभित्रका रोजगारीको सम्भावनाहरुलाई प्रवर्द्धन गर्ने, त्यसलाई अगाडि बढाउने काम गर्नेछ', उनले भने । रासस

# कांग्रेसले बनायो भातृ संस्थाको निर्वाचन गर्न समिति

**काठमाडौँ ।**
नेपाली कांग्रेसले भ्रातृ संस्थाहरुको निर्वाचन समयमै गर्नका लागि महाधिवेशन केन्द्रीय निर्देशन समिति बनाएको छ । सभापति शेरबहादुर देउवाले आगामी चैत मसान्त भित्रमा महाधिवेशन अनिवार्य सम्पन्न गर्न तदर्थ समितिलाई समन्वय र सहगोग गर्न भन्दै छुट्टा छुट्टै महाधिवेशन केन्द्रीय निर्देशन समिति गठन गरेका हुन् ।




सहमहामन्त्री जीवन परियारको संयोजकत्वमा नेपाल दलित संघ महाधिवेशन केन्द्रीय निर्देशन समिति बनाइएको छ । महिला संघको निर्वाचन गराउने महाधिवेशन केन्द्रीय निर्देशन समितिको संयोजक प्रवक्ता प्रकाशशरण महत, नेपाल किसान संघमा रमेश रिजाल, भूतपूर्व सैनिक संघमा एनपी साउद, लोकतान्त्रिक खेलकुद संघ महाधिवेशन केन्द्रीय निर्देशन समिति संयोजकको जिम्मा मोहनबहादुर बस्नेतले पाएका छन् ।
यस्तै राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघको जिम्मा मधु आचार्यलाई, थारु संघको निर्देशन समिति संयोजकमा उदयशमशेर राणा र प्रजातन्त्र सेनानी संघको महाधिवेशन केन्द्रीय निर्देशन समिति संयोजकमा गोबिन्दराज पोखरेललाई तोकिएको छ ।
उनीहरुको संयोजकत्वमा हरेक समिति ३÷३ सदस्यीय छन् ।
नेपाल महिला संघ, नेपाल तरुन दल र नेपाल विद्यार्थी संघको महाधिवेशन केन्द्रीय निर्देशन समिति असोज १६ गते गठन गरिएकोमा नेपाल महिला संघ महाधिवेशन केन्द्रीय निर्देशन समिति हेरफेर गरिएको हो ।

# प्रधानमन्त्रीसमक्ष प्रमुख सूचनाआयुक्तको शपथ

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष राष्ट्रिय सूचना आयोगका नवनियुक्त प्रमुख आयुक्त सुरेशप्रसाद आचार्यले पद तथा गोपनीयताको शपथ लिएका छन् ।
प्रधानमन्त्री निवासमा बुधबार भएको समारोहमा प्रधानमन्त्री ओलीले प्रमुखआयुक्त आचार्यलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । प्रधानमन्त्रीको उपस्थितिमा प्रमुखआयुक्त आचार्यले नवनियुक्त आयुक्त गगन विष्ट र दुर्गा भण्डारीलाई पद तथा गोपनीयताको शपथ गराए ।त्यस अवसरमा संक्षिप्त मन्तव्य व्यक्त गर्दै प्रधानमन्त्री ओलीले संविधानमा व्यवस्था भएको मौलिक हकका रूपमा सूचनाको हकको कार्यान्वयन र उपयोगका लागि आयोगको भूमिका प्रभावकारी हुनुपर्नेमा जोड दिए । असम्बन्धित व्यक्तिले अनेक सूचना मागेर सरकारका कामलाई अल्मल्याउने प्रवृत्तिलाई प्रोत्साहन गर्न नहुने भन्दै सूचनाको हक उपयोग गर्दा त्यो न्यायोचित भएनभएको निर्क्योल गरी अराजकताले प्रश्रय पाउन नहुने बताए ।
समारोहमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ, उक्त मन्त्रालयका सचिव राधिका अर्याललगायत उपस्थिति थिए । मन्त्रिपरिषद्को यही मंसिर ६ गतेको बैठकले उनीहरुलाई आयोगमा नियुक्त गरेको हो । रासस

# 'जनसंख्या नीति छिट्टै परिमार्जन गरिने'

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रिय जनसङ्ख्या नीतिलाई संशोधन गर्न योजना आयोग, विषयगत मन्त्रालय तथा विज्ञसँग सुझाव सङ्कलन गरेको छ ।
मन्त्रालयद्वारा बुधबार काठमाडौँमा आयोजित कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले मुलुकमा जनसङ्ख्या घटिरहेको र गाउँका बस्ती रित्तो बनिरहेको सन्दर्भमा पुरानो नीतिमा परिमार्जन गर्नुपर्ने बताए ।
राष्ट्रिय जनगणना २०७८ अनुसार ३४ जिल्ला र तीन सय १९ तहमा जनसङ्ख्या ऋणात्मक रहेकाले बढ्दो असन्तुलनलाई कम गर्न राष्ट्रिय जनसङ्ख्या नीति परिमार्जन गर्न आवश्यक रहेको बताएका हुन् ।
नीतिगत परिमार्जनका लागि स्थानीय सरकारको पनि जिम्मेवारी रहेको बताउँदै उनले भने, 'आफ्नो पालिकाभित्र जनसङ्ख्या किन घट्यो भनेर पालिकाले पनि सोच्नु जरुरी छ ।' प्रजनन दर ऋणात्मक हुने अवस्थामा त्यसको असर जनसाङ्ख्यिक विकासमा पर्ने उनको भनाइ थियो ।



उनले सहरी क्षेत्रमा बढ्दो बसाइँसराइ तथा विदेश जानेको सङ्ख्या वृद्धि भएकाले रोजगारी र आर्थिक अवसर प्रमुख समस्याका रुपमा देखा परेकाले नीतिगत सुधारका लागि ऐन परिमार्जन गरिने धारणा राखे ।
मन्त्रालयले विज्ञहरुको सुझावका आधारमा ऐन परिमार्जन गरेर संशोधनका लागि संसद्मा लैजाने गरी परामर्श गरिरहेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए । रासस

# नेकपा एसको बैठक अब शुक्रबार

**काठमाडौँ ।**
नेकपा (एकीकृत समाजवादी) का नेताहरुको कार्य व्यवस्थापनका लागि स्थायी कमिटीको बुधबार बैठक बसेको छ । बैठकमा स्थायी कमिटी बैठकमा सदस्य थप्ने प्रस्तावमा विवाद भएको छ । बैठकमा १७ जना पोलिटब्युरोबाट स्थायी कमिटीमा ल्याउने प्रस्तावप्रति उपमहासचिव राजेन्द्र राईले असहमति जनाउँदै 'नोट अफ डिसेन्ट' राखेका छन् ।
समाजवादीमा हाल २४ सदस्यीय स्थायी कमिटी छ । राईले विधान र प्रक्रियाविपरित स्थायी कमिटी सदस्य थप्ने प्रस्ताव आएकाले आफूले नोट अफ डिसेन्ट जनाएको बताए । 'पहिला विधान आउनुप¥यो । त्यो विधानमा के छ ?', राईको प्रश्न छ । त्यस्तै उनले स्थायी कमिटी सदस्य थप्ने अधिकार केन्द्रीय कमिटी र पोलिटब्युरोलाई मात्र भएको भन्दै स्थायी कमिटीमा ल्याउनुपर्ने केही नाम समेत प्रस्तावमा छुटेको बताए ।
बैठकमा यसबारेमा विवाद भएपछि थप गृहकार्य गर्न भन्दै भोलीको बैठक पर्सी (शुक्रवार) बस्नेगरी सारिएको छ ।
'गह्रकार्य नपुगेकाले शुक्रवार बस्ने गरी बैठक सकिएको छ', अर्का उपमहासचिव तथा पार्टी केन्द्रीय कार्यालय सचिव रामकुमार भट्टराईले भने, 'शुक्रबारको बैठकले कार्य विभाजन टुङ्गो लाग्छ ।'
बैठकमा महासचिव घनश्याम भुसालले पार्टीको कार्ययोजना पेस गरेका थिए ।
गत असारमा दशौँ राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको पार्टीले अहिलेसम्म नेताहरूको जिम्मेवारी हेरफेर तथा कार्य विभाजनअन्तर्गत विभिन्न विभागीय प्रमुख, जिल्ला इन्चार्ज, आयोग तथा जनसङ्गठन इन्चार्ज तोकेको छैन ।
पार्टी संरचनामा कार्य विभाजन गर्न पार्टी अध्यक्ष माधवकुमार नेपालको नेतृत्वको कार्यदलमा पटक पटक छलफल भए पनि टुङ्गो लाग्न सकेको छैन ।

# आयोजना वर्गीकरण नहुँदा समस्या देखियोः अर्थमन्त्री



**काठमाडौँ ।**
उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विकास आयोजना कार्यान्वयनमा लागि तीन तहका सरकारबीच क्षेत्राधिकार परिभाषित हुन नसक्दा तथा आयोजना वर्गीकरण नहुँदा समस्या देखिएको बताएका छन् ।
अर्थ समितिको आजको बैठकमा उनले आयोजनाको वर्गीकरणसम्बन्धी स्पष्ट मापदण्ड बनाएर कुन तहका सरकारले कस्तो आयोजना कार्यान्वयन गर्ने भनेर स्पष्ट पारिनुपर्छ भने । 'हामीसँग हजारौँको सङ्ख्यामा खल्तीका आयोजना छन् । विस्तृत अध्ययन र सम्भाव्यताबिना नै त्यस्ता आयोजनामा बजेट परेका छ । सङ्घ सरकारको बजेटमा रु ७५ हजार लागतको योजना पनि परेको देखियो । यसरी हजार र लाखका योजना केन्द्र सरकारले राख्यो भने प्रदेश, स्थानीय तह, वडाले कस्ता योजना बनाऊलान् र कार्यान्वयन गर्लान्?', उनले भने,'विनियोजन कौशल भएन भने स्रोतको सही सदुपयोग हुन सक्दैन। यसकारण योजनाको वर्गीकरण चाहियो ।' निर्माण व्यवसायीको दायित्व सरकारले नरोकेको पनि उनको भनाइ छ । विधि र प्रक्रिया पु¥याएर आए सरकारले कुनै पनि निर्माण व्यवसायीको भुक्तानी नरोक्ने उनले स्पष्ट पारे ।
मुलुकको अर्थतन्त्रको अवस्था बिस्तारै सुधारोन्मुख देखिए पनि त्यसको गतिबाट आफू सन्तुष्ट नरहेको पनि अर्थमन्त्री पौडेलको भनाइ छ । 'अर्थतन्त्रमा रहेको समस्या र दबाबबाट बिस्तारै बाहिर निस्कन खोज्दैछौँ । लामो समयदेखि थुप्रिँदै गएका समस्या भएकाले आजको भोलि नै समाधान हुन सक्दैन',अर्थमन्त्री पौडेलले भने,'विदेशी मुद्रा सञ्चिति राम्रो छ । पर्याप्त तरलता र ब्याजदर घेटेको छ । मुद्रास्फीति वाञ्छित सीमाभित्र छ । तर यो प्रगतिसँग हामी सन्तुष्ट छैनौँ । यसमा थप सुधार आवश्यक छ । अहिलेको सुधारमा मात्रै चित्त बुझाएर हुँदैन ।'
गत आर्थिक वर्षको पहिलो चौमासिक अवधिको तुलनामा चालु आर्थिक वर्ष २०८१÷८२ को सोहि अवधिमा सरकारी राजस्व बढेको देखिए पनि लक्ष्यअनुसार भने अझै सङ्कलन हुन नसकेको अर्थमन्त्री पौडेलले बताए । राजस्व प्रशसनमा रहेका समस्यालाई गम्भीर भएर निगरानी बढाइए पनि सरकारका प्रयास सम्पूर्ण रुपमा सफल हुन नसकेको उनको भनाइ छ । चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले राखेको राजस्व लक्ष्य हासिल गर्न गत आर्थिक वर्षको भन्दा करिब ३० प्रतिशत बढी राजस्व उठाउने पर्नेगरी महत्वाकाङ्क्षी भएर अर्थमन्त्रालयले काम गरिरहेको उनको भनाइ छ ।
अहिले बजारमा तरलता पर्याप्त हुँदा र ब्याजदर घट्दा पनि लगानी बढ्न नसक्नुको कारणबारे आफूले नेपाल राष्ट्र बैङ्कसँग कुरा गरेको पनि अर्थमन्त्री पौडलले समितिलाई जानकारी दिए। त्यस्तै, शेयर भित्री कारोबार ९इन्साइडर ट्रेडिङ० र कर्नरिग जस्ता समस्या देखिएकाले त्यसलाई नियन्त्रण गर्नका लागि पहल भइरहेको उनको भनाइ छ। नेपालले इतिहासमै पहिलोपटक मुलुकको सार्वभौम साख मूल्याङ्कन गरेको र यसको नतिजा सन्तोषजनक अवस्था देखिएकाले अब विस्तारै लगानी बढ्दै जाने आशा व्यक्त गरे। सरकारले आफ्नो आवश्यकता र क्षमता हेरेर सार्वजनिक ऋण लिने पनि उनले स्पष्ट पारे । रासस

# नेपाल र एडिबीबीच दुई परियोजनाका सहयोग सम्झौता

**काठमाडौँ ।**
नेपाल सरकार र एसियाली विकास बैंक (एडिबी)बीच यान्त्रिक सिँचाइ नवप्रवर्तन परियोजना (मेसिनाइज्ड इरिगेसन इन्नोभेसन प्रोजेक्ट–एमआइआइपी) र जलवायु उत्थानशील तथा जीविकोपार्जन परियोजना (सिआरएलएलपी) कार्यान्वयनका लागि २१ अर्ब २३ करोड (एक सय ५७ मिलियन अमेरिकी डलर) रुपैयाँ बराबरको सहुलियतपूर्ण ऋण तथा अनुदान सम्झौतामा हस्ताक्षर भएको छ ।
बुधबार अर्थ मन्त्रालयमा भएको सम्झौताअनुसार उक्त परियोजनाका लागि एडिबीले १४ अर्ब ८८ करोड (११० मिलियन अमेरिकी डलर) रुपैयाँ ऋण तथा दुई अर्ब (१५ मिलियन अमेरिकी डलर) रुपैयाँ अनुदान दिनेछ । त्यस्तै, जलवायु उत्थानशील तथा जीविकोपार्जन परियोजनाका लागि एक अर्ब ३५ करोड (१० मिलियन अमेरिकी डलर) रुपैयाँ ऋण दुई अर्ब ९७ करोड (२२ मिलियन अमेरिकी डलर) रुपैयाँ अनुदान सम्झौता भएको हो । सम्झौतापत्रमा अर्थसचिव डा रामप्रसाद घिमिरे र एडिबीका देशीय निर्देशक आर्नो कोश्वाले हस्ताक्षर गरे ।
मधेश प्रदेशको रौतहट र सर्लाही जिल्लामा लागू गरिने यान्त्रिक सिँचाइ परियोजनाअन्तर्गत उन्नत सिँचाइ प्रविधि लागू गरिनेछ । जसमा किसानले 'प्रिपेड कार्ड'को माध्यमबाट आवश्यकतानुसार पानी उपयोग गर्नसक्ने सुविधा प्रदान गरिनेछ । यस परियोजनाबाट एक लाख २१ हजारभन्दा बढी किसान लाभान्वित हुने विश्वास लिइएको छ । परियोजनाको मुख्य उद्देश्य कृषिको उत्पादकत्व वृद्धि, वर्षभर सिँचाइ सुनिश्चितता र खाद्य सुरक्षा प्रवर्द्धन गर्नु हो ।
त्यसैगरी जलवायु उत्थानशील तथा जीविकोपार्जन परियोजनाका कर्णाली र सुदूरपश्चिम प्रदेशका ग्रामीण समुदायलाई जलवायु परिवर्तनका असरहरुप्रति प्रतिरोधी बनाउने उद्देश्यले सञ्चालन हुनेछ । यसले खानेपानीको समस्या समाधान गर्न, प्रकृतिमा आधारित जीविकोपार्जन प्रवर्द्धन गर्न र स्थानीय समुदायलाई दिगो जल व्यवस्थापन, कृषि वन र वन व्यवस्थापनका माध्यमबाट सशक्त बनाउन योगदान पु¥याउने अपेक्षा गरिएको छ ।
सम्झौतापत्रमा हस्ताक्षरपछि अर्थसचिव घिमिरेले यी परियोजनाको माध्यमबाट उन्नत सिँचाइ प्रविधि र दिगो जल व्यवस्थापनले खाद्य सुरक्षाका साथै जलवायु परिवर्तनको असर सामना गर्न सहयोग पुग्ने बताए ।
एडिबीका देशीय निर्देशक कोश्वाले यी परियोजनाका विशेषता र यसले नेपालको आर्थिक क्षेत्रमा ल्याउने योगदानको चर्चा गर्नुहुँदै जलवायु अनुकूलन, कृषि उत्पादकत्व र जल सुरक्षा क्षेत्रमा एडिबीले नेपाललाई सधैँ सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । यी सम्झौता नेपाललाई दिगो विकास हासिल गर्न र जलवायु परिवर्तनको चुनौतीसँग जुझ्न महत्वपूर्ण कोसेढुङ्गा सावित हुने विश्वास उहाँले व्यक्त गर्नुभयो । रासस

# एनपीएलबाट बाहिरियो लुम्बिनी लायन्स

**काठमाडौं ।**
नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगितामा लुम्बिनी लायन्स काठमाडौं गुर्खाजसँग १८ रनले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ । एनपिएलबाट बाहिरिने लुम्बिनी पहिलो टोली हो ।
कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधबार भएको खेलमा काठमाडौंले जितका लागि दिएको एक सय चार रनको विजयी लक्ष्य पछ्याएको लुम्बिनी १९ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमा समेटियो । लुम्बिनीका लागि सन्दीप जोराले सर्वाधिक २६ रन बनाए । उनले २९ बलमा दुई चौका प्रहार गरे ।
त्यसैगरी, उन्मुक्त चन्दले १९ बलमा १३ रन बनाउँदा सूर्य तामाङ ११ रन जोड्दै अविजित रहे । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । कप्तान रोहित पौडेल आठ, टम मुर्स छ तथा ओपनर आशुतोष घिरैया चार रनमा आउट भए ।
काठमाडौंका लागि कप्तान करण केसीले चार विकेट लिए भने दीपेश कँडेलले तीन विकेट लिए । त्यस्तै, जेहार्ड एरास्मसले दुई विकेट लिए ।त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको काठमाडौंले १९ दशमलव दुई ओभरमा एक सय तीन रनको योगफल बनाएको थियो । काठमाडौंका लागि भीम सार्कीले सर्वाधिक ३१ रन बनाए । भीमले ४० बलमा एक चौका प्रहार गरेका थिए । त्यस्तै, ड्यान ड्वाथवेटले २१ रन बनाएर आउट भए । प्रतीक श्रेष्ठले २० रन बनाउँदा स्टेफन स्केनाजी १३ रनमा आउट भए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् ।
लुम्बिनीका लागि साद विन जाफरले तीन विकेट लिए भने अभिषेस गौतम र रेमन सिमण्डसले समान दुई– दुई विकेट लिए । त्यस्तै, सूर्य तामाङ र विवेक यादवले समान एक–एक विकेट लिए ।
पराजित लुम्बिनीको छ खेलमा पाँचमा हार र एकमा जितसहित दुई अंक छ । यस हारसँगै लुम्बिनी लिग चरणको एक खेल अगावै प्रतियोगिताबाट बाहिरिएको हो । लुम्बिनी यसअघि विराटनगर किंग्स, पोखरा एभेन्जर्स, सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्ससँग पराजित भएको थियो । मंगलबार भएको खेलमा भने लुम्बिनीले चितवनलाई पराजित गरेको थियो ।
चार खेलमा दुईमा हार र दुईमा जितका साथ काठमाडौँ तालिकाको पाँचौं स्थानमा उक्लिएको छ । यो खेलमा जितसँगै काठमाडौं प्लेअफ सम्भावना कायमै छ । उक्त प्रतियोगितअन्तर्गत भोलि बुधबार दुई खेल हुनेछ । जसमा बिहान ९ बजे हुने पहिलो खेलमा पोखरा एभेन्जर्स र विराटनगर किंग्सबीच प्रतिस्पर्धा हुनेछ भने १ बजे हुने दोस्रो खेलमा जनकपुर बोल्ट्स र काठमाडौं गुर्खाजबीच प्रतिस्पर्धा हुनेछ । रासस

# तनहुँको घिरिङ र बन्दीपुरमा दुई सबस्टेसन सञ्चालनमा

**तनहुँ ।**
तनहुँ जलविद्युत् आयोजनाले स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि घिरिङ गाउँपालिका–४ र बन्दीपुर गाउँपालिका–६ मा ३३÷११ केभीका दुईवटा सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।
जिल्लाको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मर जडान गर्नुका साथै ११ केभी लाइन निर्माण गरिएको हो ।
सामुदायिक विकास कार्यक्रमअन्तर्गत आयोजना प्रभावित क्षेत्रमा हालसम्म शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, नदी तटबन्द निर्माणलगायत ६३ वटा परियोजना सम्पन्न भएका छन् भने १० परियोजना सञ्चालित रहेका जलविद्युत् आयोजनाका सञ्चार विज्ञ सचिन गौतमले जानकारी दिए ।
आयोजना प्रभावितको जीविकोपार्जन तथा आयआर्जन वृद्धिका लागि विभिन्न सीपमूलक तालिम सञ्चालन भइरहेका छन् ।
कम्पनीले आयोजननाबाट विद्युत् उत्पादनपछि प्राप्त हुने बहाब र मादी नदीको पानीलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा एक सय २६ मेगावाटको तल्लो सेती जलविद्युत् आयोजना विकास प्रक्रिया अगाडि बढाएको उनले बताए ।
निर्माण कम्पनीले चरण–१ अन्तर्गत एक सय ४० मिटर अग्लो मुख्य बाँध निर्माण, चरण–२ अन्तर्गत भूमिगत विद्युतगृह, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण, मुख्य सुरुङ निर्माण भइरहेका छन् । मुख्य संरचनालाई तीन चरणमा विभाजन गरी निर्माण भइरहेको बतानउँदै निर्माणाधीन आयोजनाको समग्र प्रगति ६३ प्रतिशत रहेको आयोजनाका सञ्चार विज्ञ गौतमले जानकारी दिए । उनका अनुसार समग्र निर्माण विसं २०८३ असारभित्र ९सन् २०२६ मे० सक्ने लक्ष्य राखिएको छ ।
कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको व्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ ।
एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग ९जाइका०ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकाअन्तर्गत नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ । रासस

# 'जलवायु वित्त अनुदान बढाउन कूटनीतिक पहल आवश्यक'

**काठमाडौं ।**
अमेरिकाका नेपाली पूव नेपाली राजदूत डा. अर्जुन कार्कीले जलवायु वित्तका लागि सहज र आवश्यकताअनुसार पहुँच स्थापित गर्न कूटनीतिक पहल आवश्यक रहेकामा जोड दिएका छन् ।
बुधबार अन्तर्राष्ट्रिय पर्वतीय दिवसका अवसरमा काठमाडौंमा आयोजित दुईदिने राष्ट्रिय गोष्ठीको पहिलो सत्रमा कार्कीले जलवायु परिवर्तनका मुद्दा स्थापित गर्न राजनीतिक र कूटनीतिक रूपमा पहल अगाडि बढाउन आवश्यक रहेको बताएका हुन् ।
पूर्व राजदुत कार्कीले जलवायुजन्य हानि–नोक्सानीसम्बन्धी वैज्ञानिक रूपमा अनुसन्धान गरेर तथ्याङ्क निकाल्नुपर्नेमा जोड दिए ।
कार्कीका अनुसार जलवायुसम्बन्धी मुद्दा सम्बोधन गर्न राजनीतिक स्तरबाट अगाडि बढाउनुपर्ने र राजनीतिक स्तरबाट जलवायुजन्य सङ्कटको सामना गर्न आवश्यक छ ।
कार्यक्रममा जलवायुविद् मञ्जित ढकालले विश्वको तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्न नसके पर्वतीय क्षेत्रमा जलवायुजन्य सङ्कट बढ्दै जाने र हिमालको हिउँसमेत पग्लिएर कलापत्थरमा परिणत हुन सक्ने बताए । रासस

# पाँच दिन लगातार घटेको नेप्से उच्च अंकले बढ्यो

**काठमाडौँ ।**
पछिल्लो पाँच कारोबार दिन लगातार घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार भने उच्च अङ्कको वृद्धि देखिएको छ । बुधबार नेप्से परिसूचक ४५ दशमलव ८८ अङ्कले बढेर दुई हजार सात सय १५ दशमलव ७१ को विन्दुमा कायम भएको हो । यो एक दशमलव ७१ प्रतिशतको वृद्धि हो ।
परिसूचक बढेपनि कारोबार रकम भने रु पाँच अर्बमा खुम्चिएको छ । बुधबार तीन सय आठ कम्पनीको एक करोड १३ लाख ८६ हजार आठ सय ५४ कित्ता शेयर ५६ हजार तीन सय ५० पटक खरिदबिक्री हुँदा पाँच अर्ब पाँच करोड छ लाख ५४ हजार चार सय ५० रुपैयाँ बराबरको कारोबार भएको छ ।
सबै समूहको उपसूचक बढ्दा म्युचुअल फण्ड उपसमूह भने शून्य दशमलव ३४ प्रतिशतले घटेको छ । बुधबार बैंकिङ समूह सबैभन्दा बढी तीन दशमलव ४३ प्रतिशतले बढेको छ । विकास बैंक एक दशमलव ६३, वित्त एक दशमलव ८३, होटल तथा पर्यटन एक दशमलव शून्य पाँच, जलविद्युत् एक दशमलव ९६ र लगानी समूह शून्य दशमलव ७९ प्रतिशतले बढेको छ ।
जीवन बिमा समूह एक दशमलव शून्य सात, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६०, लघुवित्त शून्य दशमलव ४२, निर्जीवन बिमा एक दशमलव शून्य तीन, व्यापार एक दशमलव ५६ र अन्य समूह शून्य दशमलव ५७ प्रतिशतले बढेको हो । न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आज सबैभन्दा बढी नौ दशमलव ९७ प्रतिशतले बढेको छ । सबैभन्दा बढी घट्नेमा खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशत रहेको छ । कारोबार रकमका आधारमा बुधबार सबैभन्दा बढी जानकी फाइनान्स कम्पनी लिमिटेडको ३६ करोड १५ लाख दुई हजार चार सय ४३ रुपैयाँ बराबरको शेयर किनबेच भएको छ । रासस

# सहकारी बचतकर्ताहरुले बुझाए आयोग समक्ष ध्यानकर्षणपत्र

**काठमाडौँ ।**
सहकारी पीडित तथा सहकारी बचतकर्ताहरुले बचत रकम फिर्ता गर्न माग गर्दै राष्ट्रिय मानव अधिकार आयोगलाई ध्यानाकर्षणपत्र बुझाएको छ ।
राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपवहादुर मगरसमक्ष बुझाएको ध्यानाकर्षण पत्रमा सरकारद्वारा बचतकर्ताको रकम फिर्ता गर्न ठोस कदम नचालेको उल्लेख छ ।
यस सम्बन्धमा सहकारी पीडित तथा सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानका पदाधिकारीहरुको ज्ञापनपत्र बुझ्दै आयोगका अध्यक्ष मगरले सहकारीको रकम अपचलन र बचत फिर्ता हुन नसकेको सम्बन्धमा आयोगमा दर्ता भएका उजुरीहरुमा आयोगबाट अनुसन्धान भइरहेको र सम्बन्धित पक्षहरुसँग छलफल गरी निष्कर्षमा पुग्ने बताएका छन् ।
'विगतमा सरकारले सहकारीका बचतकर्ताको बचत फिर्ता र अपचलनकर्ताहरुलाई कारबाही गर्ने भनी पीडित पक्षसँग सम्झौता गर्नाका साथै समस्या समाधान गर्ने सार्वजनिक रुपमा प्रतिबद्धता जनाए पनि बचत फिर्ता हुन नसक्दा पीडितहरु पटकपटक आन्दोलित हुनुपर्ने अवस्थाको सिर्जना हुनु चिन्ताको विषय हो', अध्यक्ष मगरले भने, 'यसबाट व्यक्तिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको हनन हुनाका साथै न्यायप्राप्तिको अधिकारबाट वञ्चित भएको देखिन्छ ।'
आयोगले राज्य र पीडितहरुबीच यस अगाडि भएका सम्झौता र सरकारले सार्वजनिक रुपमा गरेका प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न सरकारलाई निर्देशनसमेत दिएको छ । रासस

# कष्टकर बन्दै विपद्पीडितको जीवनशैली

**काभ्रेपलाञ्चोक ।** बेथानचोक गाउँपालिका–३ पानटेखोलाका फडिन्द्रप्रसाद तिमल्सिनाले गत असोज दोस्रो साता घर बगाएपछि छिमेकीको शरणमा बसेको अढाई महिना भइसक्यो । घरमा भएको १० मुरी मकै, १० मुरी तोरी र ३२ हजार रुपैयाँ नगदसहित एकतले पक्की घर बाढीले बगाएपछि आफूसहित पाँच जनाको परिवारसहित छमेकीको घरमा बस्दै आएका हुन् । ‘छिमेकीको घरमा दुई परिवार बस्न निकै कठिनाई छ, छाप्रो हालेर बसौँ जाडो बढेकोबढ्यै छ, घर बनाउन सक्ने क्षमता छैन, बनाउन पनि कहाँ बनाउने घर बगाएको स्थानमा बनाउनहुन्छ कि, हुन्न कसैले हेरिदिएका छैनन्’, तिमल्सिनाले भने ।

तिमल्सिनाले जाडोकै कारण पाल हालेर घर बगेकै ठाउँमा बस्न नसकिएकाले एक दुई महिना शरणमै बस्नुपर्ने बाध्यता रहेको सुनाए । सोही गाउँपालिका–३ मा घर बगाउँदा श्रीमती र एक छोरा गुमाएका भीमबहादुर शङ्कर पनि त्यस घटनायता आफन्तकोमा बस्दै आएका छन् । ‘ठूली छोरी पढ्न काठमाडौँ बस्छिन्, म काममा हेटौँडा थिएँ, यता घर बगाउँदा सुतिरहेका श्रीमती र छोराको ज्यान गयो, अहिले म आफन्तकोमा बसिरहेको छु, पीडामा त छु नै बासको व्यवस्थापन गर्न नसक्दा झप चिन्ताले सताइरहेको छ’, शङ्करले भने । बाढी, पहिरोले परिवार भक्तिएको घटना सम्झिएर उनी भक्कानिँदै बोल्न नसक्ने भए । उता पहिरोले घर पुर्दा एक छोरा र एक छोरी गुमाएका रोशी गाउँपालिका–२ का रुपबहादुर तुम्सिङको ब्यथा शङ्करको भन्दा फरक छैन । भएका दुई छोराछोरी गुमाएका तुम्सिङ श्रीमतीसहित आफन्तकोमा बस्दै आएका छन् । उनी भन्छन्, ‘अढाई महिना भयो घटना भएको पनि । सन्तान वियोगको पीडा असह्य हुने रहेछ । बसेको र सुतेको कुनै पत्ता पाइहेको छैन ।’ मृतकको नाममा आएको तीन लाख रुपैयाँले बासको व्यवस्थापन गर्न नसक्दा दुःख पाइरहेको उनी गुनासो गर्छन् ।

गत असोज दोस्रो साताको बाढी, पहिरोले घरबारविहीन अवस्थामा पुगेको काभ्रेपलाञ्चोकमा हजारौँ परिवार छन् । घरसहित परिवारका सदस्य गुमाएको पनि ७९ परिवार छन् । जो अढाई महिनादेखि छिमेक तथा आफन्तको शरणमा गुजारा गरिरहेका छन् । केही स्थानमा पीडित परिवार पालकै भरमा दिन काटिरहेका छन् । घर, बारी बगाएर बजाडिएको बस्ती तथा बगाएको खेतको नामोनिशान नहुँदा कतिपय परिवार बिच्छिप्त अवस्था भेटिन्छन् । जिल्लाको दक्षिणी क्षेत्रस्थित बेथानचोक र रोशी गाउँपालिका तथा पनौती नगरपालिकामा बाढी, पहिरो पीडित जाडोको समयमा कष्टकर जीवन बिताउन बाध्य छन् ।



बेथानाचोक–३ का बाढीपहिरो प्रभावित स्थानीयवासीले यही मङ्सिर १० गते सुरक्षित बासस्थानसहितको माग गर्दै गाउँपालिकालाई ज्ञापनपत्र बुझाएका थिए । पाँचबुँदे ज्ञापनपत्रमार्फत विनासकारी बाढी, पहिरोले दुई जनाको मृत्यु भएकाले उनीहरूको परिवारलाई उपयुक्त घरबासको प्रबन्ध गर्न मागसमेत गरेका छन् । अझ भूगर्भविद्को प्राविधिक अध्ययन गराएर स्थायीरुपमा पहिरो नियन्त्रणको व्यवस्था गर्नुपर्ने र बालीनाली लगाउन नहुने गरी पहिरोले पुरिएको बारीलाई पूर्वअवस्थामा ल्याउन गाउँपालिकाबाट सहयोगको व्यवस्था गर्न मागसहितको ज्ञापनपत्र गाउँपालिका अध्यक्ष भगवान अधिकारीलाई बुझाइएको छ । साथै, पीडितले तत्काल जाडोबाट बच्न बसोबास तथा स्थायी पुनर्बासमासमेत पहल गरिदिन आग्रह पनि गरे ।

गत असोजको दोस्रो साताको भीषण वर्षापछिको बाढी, पहिरोमा परी जिल्लामा ७९ जनाको मृत्यु भएको छ भने छ जना अझै बेपत्ताको अवस्थामा रहेका छन् भने सयौँ परिवार घरबारविहीन बन्न पुगे । ज्यान गुमाउनेको परिवारले सरकारद्वारा प्रदान गरिएको राहत–रकम पाए भने जिल्लाका हजारौँ पीडित परिवार अझै राहतको पर्खाइमा छन् । स्थानीय तहले असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षापछिको बाढी, पहिरोले पुऱ्याएको जनधनको क्षतिको एकीन विवरण तयार नगर्दा सरकारले दिन लागेको अल्पकालीन राहत–रकम प्रदान गर्न सकिएको छैन ।

जिल्ला विपद् व्यवस्थापन समितिले गत कात्तिक अन्तिमसाता नै बाढी, पहिरोले जनधनको क्षति पुऱ्याएकोबारे छिटो पूर्ण विवरण पठाउन स्थानीय तहलाई निर्देशन दिए पनि त्यसको कार्यान्वयन भएपछि समितिले मङ्सिर तेस्रो साता पुनः १० दिनको समयसीमा दिएको छ । समितिले स्थानीय तहका जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिँदै क्षतिको पूर्ण विवरण उपलब्ध नगराउँदा तत्कालीन राहत तथा पुनर्बासका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत आउने सरकारी राहत उपलब्ध गराउन नसकिएको जनाएको थियो ।

प्रधिकरणको वेभसाइटमा क्षतिको पूर्ण विवरण प्रविष्ट गरी जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समितिमा विवरण बुझाउन निर्देशन दिएको सहायक प्रमुख जिल्ला अधिकारी सुवास पौडेलले बताए । उनका अनुसार स्थानीय तहले उक्त विवरण पठाइसकेपछि मात्रै राहत तथा पुनर्बासको कार्यक्रम शुरु हुनेछ । जाडोयाम शुरु भइसकेकाले बाढी, पहिरो पीडितलाई थप कष्ट हुने भएकाले तत्काल क्षतिको विवरण पठाउन भनिएको पौडेलले बताए ।

समितिको पटकपटकको बैठकले विपद् पीडित उद्धार र राहतसम्बन्धी (सातौँ संशोधन) मापदण्ड २०७७ बमोजिम विपद्बाट घर, बहाल, आवास नष्ट भएका वा खाद्यान्न–बाली तथा जग्गा जमिन वा पसल व्यवसायसमेत नोक्सानी भई तत्काल गुजाराका लागि खाद्यान्नसमेत नभएका वा दुवै अवस्थामा पीडित परिवारलाई यथाशीघ्र प्रतिपरिवार पाँच जनासम्मको हकमा १५ हजार रुपैयाँ र सोभन्दा बढी सदस्य भएको हकमा २० हजार रुपैयाँका दरले नगद जिल्ला विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउनेनिर्णयगरिसकिएकोछ ।

समितिद्वारा अस्थायी आवास निर्माणका लागि ५० हजार रुपैयाँ उपलब्ध गराउने मापदण्डअनुसारको विवरणसमेत स्थानीय तहसँग माग गरिएको छ । ‘स्थानीय तहलाई क्षतिको पूर्ण विवरण उपलब्ध गराउन पटकपटक अनुरोधसहित पत्राचार गरेका थियौँ, नआएपछि पुनः मङसिर २० गते १० दिनको समयसीमा दिएका छौँ पौडेलले भने । उनका अनुसार सरकारले प्रारम्भिक क्षतिका आधारमा बर्गीकरण गरी पठाएको स्थानीय तहस्तरको अनुदान भने कार्यालयले गत कात्तिक १४ गते नै पठाइसकिएको थियो । प्राधिकरणको पत्रसहित नेपाल सरकारबाट सङ्कटग्रस्त क्षेत्र घोषणा भएका स्थानीय तहलाई रकम उपलब्ध गराइएको हो ।



यसैबीच गत असोज दोस्रो साताको बाढी, पहिरोमा बेपत्ता भएकाको परिवारलाई मृतक सरह राहत दिइने जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ । समितिले जिल्लामा बेपत्ता छ जनाको परिवारलाई राहत दिइने जनाइएको हो । २०८१ असार ३१ गते मन्त्रिपरिषद्को बैठकमा बाढी, पहिरोमा बेपत्ता भई १० दिनसम्म पनि फेला पर्न नसकेका तर यकिन भएकाको हकमा मृत्यु भएसरह राहत उपलब्ध गराउने निर्णयअनुसार समितिले जिल्लाका बेपत्ताको परिवारलाई सो राहत दिने निर्णय गरेको हो ।

समितिका अनुसार बाढी, पहिरोको घटनामा बेपत्ता हुनेमा तेमाल गाउँपालिका–२ को छ वर्षीया अप्रिया तामाङ र तीन वर्षीया प्रिया तामाङ, चौरीदेउराली गाउँपालिका–६ को ४० वर्षीया शान्ता रिमाल, धुलिखेल नगरपालिका–८ को ३२ बर्षिया गीता श्रेष्ठ, बेथान्चोक गाउँपालिका–४ को ज्ञानु परियार र खानीखोला गाउँपालिका–६ को देवीमाया स्याङ्तान रहेका छन् ।

बेपत्ताका परिवारलाई प्रतिमृतक दुई लाख रुपैयाँका दरले सङ्घीय सरकार तथा प्रदेश सरकारसमेत राहत दिइने निर्णय गरिएको समितिको संयोजक एवम् प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिए । बाढी, पहिरोबाट जिल्लाका ७९ जनाको मृत्यु भएको थियो । समितिले जाडोको मौसम शुरु भैसकेकाले बाढी पीडितका लागि न्यानो कपडालगायतका सामग्री उपलब्ध गराउनेसमेत निर्णय गरेको थियो । जिल्लाको ११ स्थानीय तहमा नौ करोड २५ लाख रुपैयाँ अनुदान उपलब्ध गराइएको जनाएको छ । यस्तै केन्द्रीय सरकारका तर्फबाट ज्यान गुमाएका परिवारलाई यसअघि नै प्राप्त दुई लाख रुपैयाँका दरले रकम उपलब्ध गराइसकिएको जिल्ला प्रशासन कार्यालले जनाएको छ ।

यसैबीच नमोबुद्ध नगरपालिकाको आठ सय ४५ बाढी, पहिरो पीडितलाई संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)द्वारा प्राप्त सहयोग रकमबाट राहत विरतण गरिएको छ । प्रभावित परिवारलाई युनिसेफले नगरलाई एकमुष्ठ रुपमा उपलब्ध गराएको एक करोड ५० लाख ४० हजार पाँच सय रुपैयाँबाट नगरले वडागत रुपमा पीडित परिवारलाई प्रदान गरेको हो । नगरप्रमुख कुन्साङ लामाले युनिसेफबाट प्राप्त आर्थिक सहयोगबाट सबै वडाका विपद् प्रभावितलाई राहत–रकम प्रदान गरिएको बताए । नगरका चार सय ५३ प्रतिपरिवारले १५ हजार रुपैयाँ तथा तीन सय ९२ परिवारले २० हजार रुपैयाँका दरले राहत–रकम पाएका हुन् । युनिसेफबाट राहत रकम प्राप्त गर्ने परिवारले सङ्घीय सरकारबाट घोषित अल्पकालीन राहत भने पाउने छैनन् ।

बाढी, पहिरोबाट नगरका पाँच सय ३० घर पूर्ण तथा तीन सय १५ घर आंशिक रुपमा क्षति भएको जनाइएको छ । नगरका अनुसार बाढी, पहिरोबाट तीन हजार तीन सय ८५ जना प्रभावित भएको जनाइएको छ । यस्तै बाढी, पहिरोले नगरको एक विद्यालय पूर्ण तथा ४७ विद्यालयमा आंशिक क्षति पुगेको छ भने एक सय १९ खानेपानी आयोजनामा क्षति पुगेको छ । युनिसेफले यसअघि काभ्रेपलाञ्चोककै बेथानचोक गाउँपालिकाको दुई वटा वडाका दुई सय ६९ परिवारलाई राहत–रकम प्रदान गरेको थियो भने केही दिनभित्र मण्डनदेउपुर नगरका करिब नौ सय परिवारलाई उक्त राहत–रकम प्रदान गर्ने जनाएको छ ।

विशेषगरी ठूलो क्षति पुगेका जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित पनौती नगरपालिका तथा बेथानचोक र रोशी गाउँपालिका खोज, उद्धार तथा राहत व्यवस्थापनपछि पुनर्बास एवम् आवास निर्माणका लागि यकिन तथ्याङ्क सङ्कलन कार्यमा लागेको जनाएका छन् । कृषि–पशु, शिक्षा, सडक, सञ्चार तथा विद्युत्का क्षेत्रमा क्षति पुऱ्याउँदा स्थानीय नागरिकले कष्टकर जीवन बिताउन बाध्य बन्नुपरेको हो । घटनाको दुई महिना बितिसक्दा पनि जिल्लामा मानवीय क्षतिबाहेक अन्य विविध क्षतिबारे पूर्ण विवरण सङ्कलन हुन सकेको छैन । जिल्लाको बनेपा र धुलिखेल नगरबाहेक ११ स्थानीय तहलाई नेपाल सरकारले सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

जिल्लाका १३ स्थानीय तहमा कुन स्थानीय तहमा कति क्षति भयो भन्ने आधिकारिक विवरण जिल्लास्थित कुनै पनि सरकारी निकायसँग छैन । जिल्ला प्रशासन कार्यालयको प्रारम्भिक विवरणअनुसार भने जिल्लामा दुई हजार आठ सय ४४ घर पूर्ण र छ हजार ४६ घरमा आंशिक क्षति पुगेको छ । त्यस्तै तीन हजारदेखि ३५ सय घर पुनःनिर्माण गर्नुपर्ने देखिएको प्रारम्भिक विवरणमा उल्लेख गरिएको छ । तीन दर्जन सरकारी भवन तथा साढी संख्यामा सार्वजनिक भवन पूर्णरुपमा क्षति भएको जनाइएको छ । जिल्ला विपद् व्यवस्थापन समितिले भने बाढी, पहिरोले पुऱ्याएको जनधनको यकिन विवरण नबुझाएकाले सरकारद्वारा तत्कालीन राहत तथा पुनर्बासका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत आउने सरकारी राहत उपलब्ध गराउन नसकिएको जनाएको छ ।

यसैबीच विपद् व्यवस्थापनका लागि जिल्लाका स्थानीय तहले चालु आर्थिक वर्षको बजेट विशेष अधिवेशनको आयोजना गरी संशोधन थालेका छन् । गत असोज दोस्रो साताको बाढी, पहिरोका कारण जिल्लामा जनधनको ठूलो क्षति भएपछि राहत तथा पुनर्बासका लागि यहाँका स्थानीय तहले बिनियोजत बजेट कटौती गर्न थालेका हुन् । हालसम्म जिल्लास्थित रोशी र बेथानचोक गाउँपालिकाले विपद् प्रभावितको राहत, पुनःस्थापना एवं पुनर्बासका लागि चालु आवको बजेट संशोधन गरी विपद् कोषमा बजेट व्यवस्थापन गरेका छन् । जाडोयाम शुरु भैसकेकाले गाउँपालिकाले तत्काल बाढी, पहिरो प्रभावितलाई थप राहात प्रदान गर्न गाउँसभाको विशेष अधिवेशनले छुट्टै बजेट व्यवस्थापन गरेको जनाएका छन् । बेथानचोक गाउँपालिकाले विशेष गाउँ अधिवेशनको आह्वान गरी चालु आवमा बिनियोजित ६४ करोड १२ लाख रुपैयाँ बजेटमा नौ करोड ३१ लख ८७ हजार रुपैयाँ कटौती गरी विपद् व्यवस्थापन कोषका लागि छुट्याएको छ ।

यस्तै रोशी गाउँपालिकाको १५औँ अधिवेशनले बाढी, पहिरोले ठूलो जनधनको क्षति पुऱ्याएपछि चालु आवको योजनाका लागि विनियोजित बजेटबाट केही प्रतिशत कटौती गरी विपद् व्यवस्थापन गर्न गत कात्तिक ३० गते नै निर्णय गरेको छ । गाउँपालिकाले विपद्सँग सम्बन्धित बनाएर दुई सय ६६ योजना संशोधन गरेको छ भने विपद् कोष दुई करोड ८० लाख रुपैयाँको बनाएको छ । रासस

# असमान भन्सार मूल्याङ्कन प्रणाली हुँदा चोरी–तस्करी बढ्दो




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल र भारतबीच समान प्रकृतिका कर प्रणाली लागू नहुँदा चोरी–तस्करी निरन्तर बढीरहेको छ । सार्वभौमसत्ता सम्पन्न देशका आ–आफ्नै शासन एवम् राज्य सञ्चालनका प्रणाली पृथक भए पनि खुला सिमाना भएका कारण तस्करी रोक्न एकल प्रकृतिको कर प्रणाली नै उपयुक्त हुने आर्थिक क्षेत्रका जानकारहरूले दिएका छन् । वीरगंजका उद्योगी–व्यवसायीले पनि खुला सीमानाकाबाट हुने तस्करी नियन्त्रण गर्न भारतले लागू गरेको वस्तु तथा सेवा कर (जिएसटी) र हाम्रो भन्सार मूल्याङ्कन प्रणालीबीच तालमेल हुनुपर्ने माग गरेका छन् । भारत सरकारले कार्यान्वयन गरेको वस्तु तथा सेवा कर (जिएसटी) र हाम्रो भन्सार मूल्याङ्कन प्रणालीमा एकरूपता नहुँदा सीमावर्ती क्षेत्रमा चोरी तस्करीका घटना बढेकाले उनीहरूले त्यस्तो माग गरेका हुन् । पर्सास्थित सशस्त्र प्रहरी बलले चालु आर्थिक वर्षको प्रथम चार महिनामा भन्सार छलेर भित्र्याइएका १५ करोड १८ लाख रुपैयाँका सामान नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरीले बरामद गरेका सामग्रीमा लत्ताकपडा, विद्युतीय सामान, हार्डवेयर, मोटरपार्ट्स, खाद्यान्न र किराना सामान अधिक छन् । सोही अवधिमा रु दुई करोड ६४ लाख ३० हजार एक सय ४९ मूल्यका बिलबिजक नभएका सामान पनि बरामद भएका थिए । वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले सीमावर्ती सहरमा भारतले लागू गरेको जिएसटी र नेपालको भन्सार महसुलबीच एकरुपता नहुँदा अवैध निकासी र पैठारीका नियन्त्रणमा हुन नसकेको बताए ।
'हाल हाम्रो देशमा निकासी र पैठारीमा अवैध अर्थतन्त्रले प्रश्रय पाइरहेको छ । अत्यधिक भन्सार महसुल लाग्ने वस्तुको भारतीय र नेपाली बजार मूल्यमा धेरैको फरक हुनुले पनि अवैध रूपमा निकासी र पैठारी हुने गरेको हो', उनले भने, 'अत्यधिक भन्सार महसुल र दैनिक उपभोग्य एक सय वस्तुको पहिचान गरी भारतीय मूल्य जिएसटीसहित तथा नेपाली मूल्यमा एकरूपता दिएमा निकासी पैठारी घटाउन सकिन्थ्यो । यसले अनौपचारिक अर्थतन्त्रलाई नियन्त्रण गर्न मद्दत पुग्थ्यो ।' देशको भन्सार मूल्याङ्कन प्रणालीले भारतका प्रतिष्ठित कम्पनीले जारी गरेको बिलबिजकलाई समेत मान्यता नदिँदा व्यवसायी मर्कामा परेका छन् । सङ्घका वरिष्ठ उपाध्यक्ष गौतमले भारतका प्रतिष्ठित कम्पनीले जारी गरेका बिलबिजकलाई पनि मान्यता दिन ढिलाइ गर्न नहुने बताए । 'आयातित वस्तुको भन्सार मूल्याङ्कनका क्रममा प्रतिष्ठित कम्पनीको बिलबिजकमा 'अङ्कित मूल्य' भारत सरकारको आधिकारिक बिलका साथै भारतीय भन्सारले जारी गरेको 'बिल अफ एक्पोर्ट'लाई आधार बनाएर भन्सार मूल्याङ्कन गर्नुपर्ने आवश्यकता छ, त्यसो गर्न सकिएमा अवैध रुपमा हुँदै आएको निकारी –पैठारीलाई धेरै हदसम्म घटाउन सकिन्थ्यो', उनले भने ।
वरिष्ठ उपाध्यक्ष गौतमले हाल भन्सार विभागले कार्यान्वयनमा ल्याएको भन्सार मूल्याङ्कनको सन्दर्भ मूल्य पुस्तिकालाई पनि व्यवस्थित गर्न जरुरी भइसकेको बताए । 'भन्सार मूल्याङ्कनको प्रमुख आधार भन्सार सन्दर्भ मूल्य पुस्तिका नै रहेको पाइन्छ । आयातकर्ताले सन्दर्भ मूल्यपुस्तिकाभन्दा कम मूल्यको बिलबिजक पेस गरेमा भन्सारले जरिवाना लिने गरेको छ', उनले भने, 'आव २०८०÷८१ को बजेटमा अन्तःशुल्कमा पनि जरिवानम लिने प्रावधान रहेकाले पनि त्यसबाट जोगिन आयातकर्ताले सन्दर्भ पुस्तिकाभन्दा बढी मूल्य बिलबिजक पेस गर्ने प्रवृत्ति मौलाउँदै गइरहेको छ ।' पर्सा प्रहरीले आव २०८०÷८१ मा ५३ करोड ४७ लाख रुपैयाँ मूल्य पर्ने भन्सार छली गरेर भित्र्याएका तथा बिलबिजक नभएको सामान बरामद गरेको थियो । सोही अवधिमा सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरले ३४ करोड २७ लाख ७८ हजार तीन सय ३३ मूल्य पर्ने बिलबिजक नभएका र भन्सार छली गरेका सामान बरामद गरेको थियो । गत आवमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पर्सा जिल्लाबाट मात्र ८७ करोड ७४ लाख मूल्य पर्ने अवैध वस्तु तथा सामान बरामद गरेको थियो । अनौपचारिक ढङ्गबाट आएका सामानको भने कुनै विवरण नै छैन ।
सीमा क्षेत्रमा चोरी तस्करीका गतिविधि बढेसँगै वीरगंजका दुई ठूला भन्सार कार्यालयको राजस्व सङ्कलन पनि अपेक्षाकृतसुधार हुनसकेको छैन । वीरगंज भन्सार कार्यालयले आव २०८०÷८१ मा दुई खर्ब ४५ अर्ब ८८ लाख ५० हजार ८१ रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य पाएको थियो । सो अवधिमा कार्यालयले लक्ष्यको एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार (६४ दशमलव एक प्रतिशत) मात्र राजस्व सङ्कलन गरेको थियो । वीरगंजको सुक्खा बन्दरगाह भन्सार कार्यालयले पनि गत आवमा लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न सकेन । भन्सार विभागले गत आवमा सुक्खा बन्दरगाहलाई ६५ अर्ब ९४ करोड एक लाख २२ हजार रकम राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । कार्यालयले वार्षिक लक्ष्यको ४७ अर्ब ३१ करोड एक लाख ९० हजार (७१ दशमलव ७५ प्रतिशत) राजस्व सङ्कलन गरेको छ । सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले भन्सार मूल्याङ्कन पुस्तिका खारेज नभएकाले पनि अनौपचारिक अर्थतन्त्रले प्रश्रय लिँदै आइरहेको दाबी गरे । 'जुन खालको भन्सार मूल्याङ्कन प्रणाली लागू गरिएको छ । यसले औपचारिकभन्दा अनौपचारिक अर्थतन्त्रलाई बल मिलेको छ । यसलाई सुधार्न जरुरी छ ।' प्रमुख भन्सार प्रशासक दीपक लामिछाने केही दिनअघि आयोजित राजस्व चुहावट नियन्त्रणसम्बन्धी कार्यक्रममा आयातकर्ताले पनि अन्तरराष्ट्रिय प्रावधान अनुसार हार्मोनाइज्ड सिस्टम 'एचएस कोड' को पालना गर्दै मालसामान आयात नगर्दा केही प्राविधिक समस्या आएको बताउँछन । 'मुलुकको राजस्वको मुख्य आधार नै आयातमुखी छ । आयात घट्दा राजस्व सङ्कलन पनि घटेको छ', उनले भने, 'हामी उद्योगी–व्यवसायीका सहजकर्ता हौँ, उहाँहरूका सामानलाई सहज ढङ्गले आयात–निर्यात गराउनेतर्फ हाम्रो ध्यान सधै केन्द्रित छ ।' रासस

## एनपिएल

# जनकपुरको पहिलो हार, सुदूरपश्चिम शीर्ष स्थानमा



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रिमियर लिग (एनपीएल) मा शीर्ष स्थानको जनकपुर बोल्ट्सले पहिलो हार बेहोरेको छ । बुधबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सम्पन्न खेलमा जनकपुरले सुदूरपश्चिम रोयल्सविरुद्ध ७२ रनको फराकिलो हार बेहोर्यो । लगातार चार खेलमा शतप्रतिशत जित निकालेको जनकपुरको यो पहिलो हार हो । जितसँगै सुदूरपश्चिम नेट रनरेटका आधारमा जनकपुरलाई उछिन्दै अंकतालिकाको शीर्ष स्थानमा उक्लिएको छ । लगातार तेस्रो खेलमा जित हासिल गरेको सुदूरपश्चिमले पछिल्लो खेलमा चितवन राइनोजविरुद्ध हार बेहोरेको थियो । सुदूरपश्चिमले दिएको १२४ रनको सामान्य लक्ष्य पछ्याएको जनकपुरले १२ ओभरमा सबै विकेट गुमाएर मात्र ५१ रनमा समेटियो ।



जनकपुरका लागि मध्यक्रमका ब्याटर योसुवा ट्रम्पले सर्वाधिक १३ रनको योगदान गरे । अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । सुदूरपश्चिमको जितमा तीन खेलाडीले समान दुई विकेट लिए । हर्मीत सिंह, दीपेन्द्रसिंह ऐरी र इशान पाण्डेको नाममा समान दुई विकेट रहँदा सेफ जैब, स्कट कुगुलेइन र नरेन साउदले समान एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङमा आएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १२३ रनको योगफल खडा गरेको थियो । सुदूरपश्चिमका लागि ओपनर विनोद भण्डारीले ३७ बलमा तीन चौका र एक छक्कासहित सर्वाधिक ३३ रनको योगदान गरे । उनले ओपनिङ पार्टनर सेफ जैफसँग मिलेर अर्धशतकीय साझेदारी गरे । जैफले २१ बलमा दुई छक्कासहित २१ रन जोडे । त्यस्तै ब्रेन्डन म्याकमुलनले ११ रन जोड्दा अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।
जनकपुरका लागि किशोर महत्तोले चार ओभरमा ३५ रन खर्चिदै सर्वाधिक चार विकेट लिए । त्यस्तै शेर मल्ल र अरनिको मल्लले समान दुई विकेट लिँदा हर्ष थाकरको नाममा एक विकेट रह्यो ।

# शिष्टको सफल शल्यक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**
कलैया निवासी डेढ वर्षीय बालकले देब्रे मिर्गौलामा पानीको फोको (शिष्ट) जमेर सम्पूर्ण मिर्गौला खराब भएपछि सफल शल्यक्रियाबाट नयाँ जीवन पाएकी छन् ।
वीरगंजस्थित नारायणी सेन्ट्रल अस्पतालको चिकित्सक टोलीले पहिलो पटक यस्तो शल्यक्रिया गर्दै नयाँ इतिहास रचेको छ । बालकलाई लामो समयदेखि ज्वरो आउने, खाना नखाने, र स्वास्थ्य अवस्था बिग्रँदै जाने समस्या देखिएको थियो । प्रारम्भमा वीरगञ्जका केही अस्पतालका चिकित्सकहरूले बालकको मिर्गौला निकाल्नुपर्ने हुन सक्छ भनेर सुझाव दिए । त्यसपछि परिवारले काठमाडौँस्थित कान्ति बाल अस्पताल र टिचिङ अस्पतालमा पनि परामर्श लिएका थिए । दुवै अस्पतालका विशेषज्ञहरूले मिर्गौला फाल्नुपर्ने सुझाव दिएपछि परिवारले बालकलाई वीरगंजमै उपचार गराउने निर्णय गरेका थिए । वीरगंजस्थित नारायणी सेन्ट्रल अस्पतालमा बच्चाको स्वास्थ्य अवस्थाको मूल्याङ्कन गरी मिर्गौला शल्यक्रिया गर्न तयार गरिएको थियो । अस्पतालका वरिष्ठ चिकित्सक डा. नितेश कर्ण (सर्जन), डा. सञ्जय शाह (सर्जन), र डा. नूर आलम (एनेस्थेसिया) सहितको विशेषज्ञ टोलीले नेफ्रेक्टोमी शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरेका छन् । शल्यक्रिया सफल भएपछि बालकलाई सकुशल डिस्चार्ज गरिएको छ । बालकका परिवारजनले उपचारमा खटिएका चिकित्सक टोली र अस्पताललाई धन्यवाद व्यक्त गरेका छन् । अस्पताल प्रशासनका अनुसार नारायणी सेन्ट्रल अस्पतालमा पहिलो पटक यस्तो जटिल शल्यक्रिया सफल भएको हो । यसले वीरगंज र आसपासका क्षेत्रमा जटिल शल्यक्रिया गर्नका लागि पनि यो अस्पताल सक्षम रहेको प्रमाणित गरेको छ । यस घटनाले स्थानीय स्तरमा उच्चस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने विश्वासलाई बलियो बनाएको छ ।

# मकवानपुरबाट गाँजासहित दम्पती पक्राउ




**मधेशदृष्टि**
**वीरगंज ।**
मकवानपुरको मनहरी बजारबाट झन्डै १० किलो लागूऔषध गाँजासहित एक दम्पतीलाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय मनहरीको टोलीले मनहरी गाउँपालिका–७ स्थित बजार क्षेत्रमा शङ्कास्पद गतिविधिमा संलग्न रहेकाले उनीहरूलाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा कैलाश गाउँपालिका–४ झ्याके निवासी ५२ वर्षीय प्रताप सिंह मोक्तान र उनकी ५० वर्षीय पत्नी राममाया मोक्तान रहेका छन् ।
प्रहरीका अनुसार, नियमित गस्तीका क्रममा उनीहरू शङ्कास्पद अवस्थामा देखिएपछि जाँच गरिएको थियो । जाँचका क्रममा झोलाभित्र लुकाएर राखिएको ९ किलो ८५० ग्राम गाँजा बरामद गरिएको मकवानपुरका डिएसपी श्यामु अर्यालले जानकारी दिए । पक्राउ परेका दम्पतीविरुद्ध लागूऔषध नियन्त्रण ऐन अन्तर्गत मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# वाणेश्वर महादेव मन्दिरको अध्यन अनुसन्धान शुरु



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौर नगरपालिका– २ स्थित बानेश्वर महादेव मन्दिर बारे पुरातत्त्व विभागको टोलीले अध्ययन अनुसन्धान शुरु गरेको छ ।
गौर २ महादेवपट्टी गाउँ देखि पश्चिम स्थित एतिहासिक वाणेश्वर महादेव मन्दिरको पुरातात्त्विक विभागको टोलीले अध्ययन अनुसन्धान शुरु गरेको हो ।
गौरका नगरप्रमुख शम्भु साहको विशेष पहलबाट पुरातात्त्विक विभाग काठमाडौँबाट वरिष्ठ पुरातात्त्विक विद् देवेन्द्रनाथ तिवारी, सहायक पुरातात्त्विक हरि भुसाल, भरत साह पुरातात्त्विक विद्यार्थीहरू सहितको टोलीले मङ्गलवारदेखि वाणेश्वर महादेव मन्दिरमा रहेको शिवलिंग र मन्दिर वरिपरिका पुराना अवशेषहरूबारे अध्ययन शुरु गरेका हुन् । टोलीले केही दिन भित्रै मन्दिरको पश्चिम तर्फ उत्खनन गरेर उक्त मन्दिर कहिले निर्माण गरिएको हो ।
मन्दिर कुन शताब्दीको हो भन्नेबारे पहिचान गराई राष्ट्रिय पुरातात्त्विक महत्वको सूचीमा लिपिबद्ध गराएर संरक्षण गरिने नगरप्रमुख साहले बताए ।
तत्कालीन सिम्रौनगढका राजा हरि सिंह देव (सेवइ सिंह)को समयका गौरमा वाणेश्वर महादेव मन्दिर, सुवर्ण माई मन्दिर र शिवालय मन्दिर निर्माण गरिएको अनुमान रहेको मेयर शम्भु साहले जानकारी दिए । १३ औँ शताब्दीमा निर्माण गरिएको सम्पदाहरूको संरक्षण एवम् सम्बद्र्धन गर्ने नेपाल सरकारको दायित्व भएको हुँदा पहल गरिएको मेयर साहको भनाई छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन